# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा व्यक्ति विकासको मुख्य आधार हो । शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । सफल र प्रभावकारी शिक्षाले मात्र व्यक्तित्वको विकास गर्दै समाज सापेक्ष परिवर्तनलाई दिशानिर्देश गर्न सक्छ । यस तथ्यलाई दृष्टिगत गर्दै नेपालमा विद्यालय शिक्षालाई नियमित, व्यवस्थित, गुणात्मक र प्रभावकारी बनाउन विभिन्न प्रयासहरु हुदै आएका छन् ।

मूल्यांकन शिक्षाको अभिन्न अंग हो । मूल्यांकनको उद्धेश्य शैक्षिक प्रक्रियाबाट प्राप्त उपलब्धिको गुणस्तर लेखाजोखा गर्नुमा मात्र सीमित नभएर यसले सिकाइलाई सुनिश्चितता प्रदान गर्दछ । शैक्षिक प्रक्रियामा दुई प्रकारका मूल्यांकनहरु नियमित रुपमा प्रयोग गरिन्छन । यी मूल्यांकनहरु क्रमशः निर्णयात्मक र निर्माणात्मक मूल्यांकन हुन । निर्णयात्मक मूल्यांकन औपचारिक हुन्छ । यो कार्यक्रमको अन्तमा वा शैक्षिक सत्रको अन्तमा गरिन्छ । निर्णयात्मक मूल्यांकनले यस पूर्व गरिसकिएका शैक्षणिक कार्यक्रममा रहेका गुण, विशेषता, उपलब्धि आदिलाई एकीकृत गरी लेखाजोखा गर्दछ । कुनै प्रक्रिया, तालिम, शिक्षामा सिकाइ कार्य, पाठ्यक्रम,पाठयपुस्तक, शैक्षिक सामाग्रीको निमार्णपश्चात त्यसको मूल्य निर्धारण गर्नु, कार्यान्वयन गर्ने नगर्ने निर्णय गर्नु, पास फेल गर्नु ,निर्णयात्मक मूल्यांकनसंग सम्बन्धित छ । शैक्षिक संस्थामा संञ्चालन हुने अर्धवार्षिक परिक्षा, वार्षिक परिक्षा एवम् अन्य वाह्य परिक्षाहरु निर्णयात्मक मूल्यांकनका उदाहरणहरु हुन । तर हिजोआज मूल्यांकनको दोस्रो स्वरुप निर्माणात्मक वा सुधारात्मक उद्धेश्यले गरिने मूल्यांकनले प्राथमिकता पाउन थालेको छ । कुनै पनि शैक्षिक योजनाको कार्यान्वयनको सिलसिलामा निरन्तर रुपमा गरिने मूल्यांकनलाई निर्माणात्मक, सुधारात्मक वा रचनात्मक मूल्यांकन भनिन्छ । यो कुनै पनि शैक्षिक संस्थामा शैक्षिक सत्रको सुरुदेखि अन्तसम्म विभिन्न किसिमका मूल्यांकन प्रक्रिया अपनाइ गरिन्छ। यसमा लिखित,मौखिक वा अर्न्तवार्ता, प्रयोगात्मक, रेर्कडहरु, कक्षाकार्य, गृहकार्य, अवलोकन, एकाइ परिक्षा, त्रैमासिक परिक्षा आदि शैक्षिक संस्थाबाटै आन्तरिक रुपले संञ्चालन गरिन्छ । विद्यार्थीको कमीकमजोरी पत्ता लगाइ त्यसको सुधार गर्नु या निराकरण गर्नु यस मूल्यांकनको उद्धेश्य हो । यसमा पृष्ठपोषणको प्रयोग बढि मात्रामा हुने गर्दछ । यसैगरी निरन्तर विद्यार्थी मूल्यांकनमा पनि विद्यार्थीका कमीकमजोरी पत्ता लगाइ निरन्तर रुपमा पृष्ठपोषण दिने गरिन्छ ।

निरन्तर मूल्यांकनलाई आधार मानेर उदार कक्षोन्नति गरिने व्यवस्था गरिएको छ । निर्माणात्मक मूल्यांकन अर्न्तगत एक प्रकारको मूल्यांकन प्रणाली निरन्तर मूल्यांकन हो । निरन्तर मूल्यांकन विद्यार्थीको शैक्षिक विकासको निरन्तर लेखाजोखा हो । निरन्तर मूल्यांकनको एउटा पाटो हो जसलाई शिक्षा क्षेत्रमा व्यापक रुपमा प्रयोग गरिएको छ । नेपालको परिप्रेक्ष्यमा राष्ट्रिय पाठयक्रम प्रारुप २०६३ ले विद्यालय शिक्षाको संरचना अन्तर्गत आधारभूत तहमा प्रथम चरण अन्तर्गत कक्षा १, २, ३, लाई राखेको छ । प्राथमिक शिक्षाको गुणात्मक विकास गरी सम्पूर्ण बालबालिकाहरुलाई प्राथमिक शिक्षा

उपलब्ध गराउने नेपाल सरकारको नीति अनुरुप विभिन्न प्रयासहरु भैरहेका छन तर पनि प्राथमिक शिक्षाको गुणात्मक पक्ष सन्तोषजनक हुन सकेको छैन । प्राथमिक शिक्षा उमेरका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएका छैनन ,विद्यालयमा भर्ना भएका विद्यार्थीहरु मध्ये पनि बिचैमा विद्यालय छाड्ने र अनुतीर्ण भई कक्षा दोहोर्‍याउनेको संख्या उल्लेखनीय भएकाले यो समस्या राष्ट्रका सामु जटिल चुनौतिको रुपमा उभिएको छ । अत : यस कुरालाई सरकारले नवौं पञ्चवर्षीय योजनामा " प्राथमिक तहको कक्षा १ देखि ३ सम्म उदार उतीर्ण नीति सम्बन्धमा विस्तृत अध्ययन गरी अगुवा कार्यक्रमको रुपमा केही स्थानमा परिक्षण गरिनेछ " भन्ने व्यहोरा उल्लेख गरेको छ ,जसलाई कार्यरुप दिन नेपाल सरकार शिक्षा मन्त्रालय अर्न्तगत पाठयक्रम विकास केन्द्रले निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली (Continuous assessment system – CAS) का माध्यमद्धारा शैक्षिक सत्र २०५७ / ०५८ देखि उदार कक्षोन्नतिको नीति लागू गरिएको थियो (के .सी .र साथीहरु २०६८ पृ. ४९३ ) ।

निरन्तर मूल्यांकन प्रणालीसंग जोडिएको महत्वपूर्ण नीति उदार कक्षोन्नति हो । निरन्तर विद्यार्थी मूल्यांकनको आधारमा नै कक्षोन्नती गर्ने व्यवस्था रहेको छ । विद्यार्थी मूल्यांकन भनेको विद्यार्थीमा के- कस्तो सिकाइ उपलब्धि प्राप्त भयो वा भएन भनी हेर्ने प्रक्रिया हो । (Come and Foster १९९१ ) ले मूल्यांकनलाई प्रभावकारी सिकाइका लागि आधारभूत सर्तका रुपमा लिएका छन । संक्षेपमा भन्ने हो भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरुपका ज्ञान , सीप र व्यवहार विद्यार्थीहरुले हासिल गरे गरेनन वा कति मात्रामा हासिल गरे भनेर लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्यांकन हो । त्यसकारण मूल्यांकन शिक्षण सिकाइ क्रियाकलापको एउटा अभिन्न अंगका रुपमा रहने गर्दछ (पाठ्यक्रम विकास केन्द्र,२०६८ पृ. १) ।

विद्यार्थीको सिकाइ उपलब्धिहरुको निरन्तर मूल्यांकन गरी कुनै औपचारिक परीक्षा बिना नै कक्षा चढाउनु उदार कक्षोन्नति हो । यस प्रणालीमा केही खास आधार पूरा गरेपछि विद्यार्थीलाई कक्षा चढाइन्छ । निरन्तर विद्यार्थी मूल्यांकन प्रक्रिया लागू भएका क्षेत्रका कक्षा १,२ र ३ का विद्यार्थीहरुले कक्षागत रुपमा तोकिएका सिकाइ उपलब्धि सूचक सम्बन्धि काममध्ये केही वा सबै काममा १ वा २ अंक मात्र पाएको भए पनि ती विद्यार्थीलाई उदार कक्षोन्नतिका आधारमा कक्षा चढाउने व्यवस्था रहेको छ । उदार कक्षोन्नतिका आधारहरुमा माथिल्लो कक्षामा जाने उमेर पुगेको हुनुपर्ने, विद्यालय खुलेको दिनको ७० प्रतिशत हाजिर भएको हुनुपर्ने, शैक्षिक सत्रको पहिलो चौमासिक अवधि मै कक्षामा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई सोही अवधिभित्र माथिल्लो कक्षा चढाउन सकिने रहेका छन ( श्रेष्ठ र साथीहरु २०५९ पृ. ३७० ) ।

विद्यालयमा संञ्चालन गरिने वार्षिक, अर्धवार्षिक, त्रैमासिक, एकाइ परिक्षा लगायत कक्षा परीक्षा, गृहकार्य अवलोकन, घटनावृत अभिलेख, रुजुसूची, श्रेणीमापन सबै क्रियाकलापमा आधारित मूल्यांकन व्यवस्था हुन । विद्यालयले सरोकारवालासंग गर्ने अर्न्तक्रियालाई पनि विद्यालयमा गरिने मूल्यांकन प्रक्रियाको महत्वपूर्ण पक्षको रुपमा लिने गरिएको छ । पोर्टफोलियो व्यवस्थापनका आधारमा विषय शिक्षक र विद्यालयबाट गरिने मूल्यांकन ( निरन्तर विद्यार्थी मूल्यांकन ) लाई वर्तमान परिपेक्ष्यमा

सर्वाधिक महत्व दिएइको छ । नेपालमा पनि आधारभूत प्राथमिक शिक्षा कार्यान्वयनको दोस्रो चरणमा परीक्षणको रुपमा कार्यान्वयन गरिएको र माथिल्लो तह र कक्षाहरुमा समेत आवश्यकता महसुस गरिदै छ । माध्यमिक शिक्षा सहयोग कार्यक्रमको मूल दस्तावेजले प्राथमिक तहको निरन्तर विद्यार्थी मूल्यांकन सम्बन्धि अनुभव र प्राप्तिहरुको आधारमा माध्यमिक तहसम्म पनि सो व्यवस्थालाई विस्तार गर्नुपर्ने कुरा उल्लेख गरेको छ । यस किसिमको मूल्यांकन प्रक्रिया शिक्षा पद्दतिमा विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउने दृष्टिकोण निकै महत्वपूर्ण मानिन्छ । उदार कक्षानीति सरकारको नीति हो, जुन कक्षा उतीर्ण र अनुतीर्ण जस्ता निर्णय र स्तर निर्धारण जस्ता प्रक्रियासंग सम्बन्धित हुन्छ ।

नेपाल सरकारले आधारभूत शिक्षामा गरेको लगानीलाई फलदायी बनाउनु परेको छ । आधारभूत शिक्षाको सिकाइ बालमैत्री हुन नसकेकाले विशेषतः तल्ला कक्षामा कक्षा दोहोर्‍याउने र बिचैमा पढाइ छोड्ने विद्यार्थीहरुको संख्या अधिक रहने गरेको छ । परिणाम स्वरुप तोकिएको समयभन्दा ढिलो र थोरै विद्यार्थीले मात्र तह पूरा गर्ने गरेका छन । विद्यार्थीको निरन्तर मूल्यांकन गरेर उपचारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट मात्र यस प्रकारको क्षतिलाई नियन्त्रण गर्न सकिन्छ । यसै दृष्टिकोणबाट नेपाल सरकार , शिक्षा मन्त्रालयले हाल आधारभूत शिक्षाको कक्षा १-७ सम्म निरन्तर विद्यार्थी मूल्यांकन लागू गरेको छ र आगामी शैक्षिक सत्रदेखि आधारभूत तहको कक्षा सातसम्म लागू गर्दै जाने नीति लिएको छ ( पाठ्यक्रम विकास केन्द्र, २०६८ पृ. ३ ) ।

शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन र पाठ्यक्रमले लक्ष्य गरेका सिकाइ उद्देश्यहरु विद्यार्थीमा पूरा गराउन निरन्तर रुपमा गरिने मूल्यांकन निर्माणात्मक सुधारात्मक मूल्यांकन हो । त्यसैले यस मूल्यांकनलाई सरल भाषामा निरन्तर विद्यार्थी मूल्यांकन भनिएको हो । जस्तैः कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, अवलोकन आदि माध्यमबाट विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई हेरी मूल्यांकन गर्न सकिन्छ । विद्यार्थीको निरन्तर मूल्यांकन मूलतः कक्षाकार्य बाटै हुन्छ । कक्षाकार्य गराउदा विद्यार्थीका क्रियाकलापमा शिक्षकले विशेष ध्यान दिइरहनु पर्दछ । अतः निरन्तर विद्यार्थी मूल्यांकन पद्धतिमा विद्यार्थीको मूल्यांकनका लागि कक्षाभित्र वा बाहिर गरिने शिक्षण सिकाइसम्बन्धि क्रियाकलाप नै मूल आधार हो । समग्रमा भन्नुपर्दा शिक्षणसिकाइको क्रममा कुनैपनि बेला सरल एवम् उपयोगी प्रक्रियाबाट गरिने विद्यार्थी मूल्यांकन नै निरन्तर विद्यार्थी मूल्यांकन हो । यसमा विद्यार्थीलाई तत्कालै आवश्यक सुधार दिने, सुधार गर्ने र आवश्यकतानुसार थप सहयोग गरिदिन्छ । यसमा आवश्यकतानुसार उपचारात्मक शिक्षण सिकाइ पद्धति समेत अपनाउने गरिन्छ, जसले विद्यार्थीको व्यवहारमा सुधार हुँदै जाने तथा अपेक्षित व्यवहार निर्माण हुँदै जाने गर्दछ। निरन्तर मूल्यांकनको माध्यमबाट गरिने उदार कक्षोन्नति नीतिले विद्यार्थीहरुलाई शैक्षिक सत्रभरिको शिक्षणसिकाइ क्रियाकलापमा सरिक भइसकेका विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप उनीहरुकै व्यवहार परिवर्तनलाई आधार मानी कक्षा चढाउने कार्य गर्दछ । यसबाट सबै विद्यार्थीहरुले समान कक्षामा अध्ययन गर्ने अवसर प्राप्त गर्दछन । विद्यार्थीहरुलाई परीक्षाको सन्त्रासबाट मुक्त गराउन,उनीहरुलाई प्रोत्साहन गर्न, विद्यालयमा नियमित विद्यार्थीहरु उपस्थितिमा वृद्धि गर्न, शिक्षाको

गुणस्तर वृद्धि गर्न, विद्यार्थीको भर्नादर बढाउन, कक्षा छोड्ने र दोहोर्‍याउने दर कम गर्न निरन्तर विद्यार्थी मूल्यांकनका साथै उदार कक्षोन्नतिले सहयोग पुर्‍याउँछ । उदार कक्षोन्नति नीति कार्यान्वयनको अवस्था कस्तो रहेको छ ?, कसरी कार्यान्वयन भइरहेको छ ? भनी अध्ययन गर्न यो अध्ययन अगाडी बढाइएको थियो ।

## १.२ समस्याको कथन

शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि निरन्तर मूल्यांकन प्रणालीका साथै उदार कक्षोन्नति नीतिले महत्वपूर्ण भूमिका खेलेको छ । निरन्तर विद्यार्थी मूल्यांकनका लागि विद्यार्थी केन्द्रित शिक्षणसिकाइ क्रियाकलापबाट विद्यार्थी आफूले सिकेका कुरा बोलेर र अन्य काम व्यवहारबाट अभिव्यक्त गर्दछन । त्यसको अवलोकनबाट विद्यार्थीको मूल्यांकन हुन्छ । निरन्तर विद्यार्थी मूल्यांकनमा विद्यार्थीले नसिकेका कुरा समयमै जानकारी हुन्छ । विद्यार्थीले नसिकेका कुरा शिक्षकले पुन : सिकाउने प्रयास गर्नु पर्दछ । यसो गरेमा विद्यार्थीले सिकाउन चाहेको कुरा सिक्दछन र उनीहरुलाई फेल गराउन आवश्यक हुदैन । निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीका माध्यमबाट उदार कक्षोन्नती गरिने भएकाले उदार कक्षोन्नतिलाई प्रभावकारी बनाउन निरन्तर विद्यार्थी मूल्यांकनलाई सर्तकतापूर्वक सञ्चालन गरिनु आवश्यक छ । यसबाट विद्यार्थीहरुमा नियमित विद्यालय आउन सहयोग पुग्दछ, पठनपाठन र अन्तिम परीक्षामा अनुत्तिर्ण भएका कारण बिचैमा विद्यालय छाडने विद्यार्थी संख्या न्यून गराइ अधिकतम बालबालिकालाई प्राथमिक शिक्षा पूरा गराउन सहयोग पुग्नेछ, विद्यार्थीहरुमा परीक्षाको सन्त्रास कम गराउन, कक्षा दोहोर्‍याउने विद्यार्थी संख्या न्यून गराउन सकिने भएकाले अहिलेको परिप्रेक्ष्यमा हाम्रो देशमा पनि उदार कक्षोन्नतीको आवश्यकता परेको देखिन्छ ।

निरन्तर विद्यार्थी मूल्यांकन कार्यान्वयनलाई प्रभावकारी रुपमा सञ्चालनमा अवरोध गर्ने विविध पक्षहरु नै समस्याको रुपमा देखा पर्दछन । यी समस्याका पक्षहरु कार्यक्रमसंगै सम्बन्धित विभिन्न हुन सक्दछन । विद्यालयहरुमा उदार कक्षोन्नति कार्यक्रम कार्यान्वयन भइरहेको छ छैन ? यसका प्रावधान र प्रक्रियाहरु के कस्ता रहेका छन? यसका विविध पक्षहरुको बारेमा अध्ययन गरिएको थियो। सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना अनिवार्य गराउनु पर्ने कार्यक्रमहरु विभिन्न नीति र नियमहरुमा उल्लेख भए पनि अझैसम्म ६.३ प्रतिशत बालबालिकाहरु विद्यालयभन्दा बाहिर रहेका छन(Department of Education 2008–2009) । हालसम्म पनि निरन्तर विद्यार्थी मूल्यांकन गर्न विद्यार्थीहरुका विविध व्यवहारहरुको अवलोकन गरी कार्यसंञ्चयीका तयार पार्नु पर्ने कार्य झन्झटिलो रुपमा लिइने र आवधिक परीक्षालाई नै विद्यार्थीको मूल्यांकनको औपचारिक साधन मान्ने प्रचलन पनि यदाकदा देखिन्छ । यो एक नयाँ अवधारणा भएकाले शिक्षकहरु पनि निरन्तर मूल्यांकनको प्रावधानसंग राम्रो तवरले विज्ञ छैनन् । नीति नियममा जस्तासुकै निर्देशिका तयार पारे पनि कार्यान्वयन पक्ष प्रभावकारी भएन भने चाहेका उपलब्धिहरु हासिल हुन सक्दैन। प्राथमिक तहमा उदार कक्षोन्नति कार्यान्वयनको अवस्था सम्बन्धि विविध पक्षहरुको अध्ययन गर्नु यस अध्ययनको मुख्य केन्द्रबिन्दु रहने छ । यस अध्ययनमा प्राथमिक तहमा उदार

कक्षोन्नति कार्यान्वयनको अवस्थाको अध्ययनका उद्धेश्यहरु पूरा गर्नका लागि निम्न अनुसन्धानात्मक प्रश्नहरु निर्माण गरी प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको थियो ।

क) आधारभूत तहका विद्यालयहरुमा उदार कक्षोन्नतिको लागि के कस्तो प्रावधानहरु सुनिश्चित गरिएको छ ?

ख) यसको कार्यान्वयनको लागि शिक्षकको सक्षमताको अवस्था कस्तो छ ?

ग) उदार कक्षोन्नति गर्न के कस्ता मूल्यांकन विधिहरुको प्रयोग गरिएको छ ?

घ) उदार कक्षोन्नति नीति कार्यान्वयन गराउन के कस्ता प्रक्रियाहरु अपनाइएको छ ?

ङ) उदार कक्षोन्नति कार्यान्वयनका सबल पक्षहरु के के छन ?

च) उदार कक्षोन्नति कार्यान्वयनका दुर्बल पक्षहरु के के छन ?

छ) उदार कक्षोन्नति नीति लागू गर्दा के के समस्याहरु देखा परेका छन ?

ज) यस्ता समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ?

## १.३ अध्ययनको औचित्य

निरन्तर विद्यार्थी मूल्यांकन कक्षा कार्यबाटै वा अन्य सहज उपायबाट गरिने विद्यार्थीको सिकाइको लेखाजोखा हो । नेपालको सन्र्दभमा निरन्तर विद्यार्थी मूल्यांकनको महत्व अझै ठूलो छ । नेपाल सरकारले प्राथमिक तहमा (हाल आधारभूत तह) गरेको लगानीको कहाली लाग्दो क्षति भएको छ । प्राथमिक तहमा कक्षा दोहोर्‍याउने सिकाइ असहज भएको कारण र फेल भएको कारण बिचैमा पढाइ छोड्ने विद्यार्थी धेरै छन । यसले गर्दा तोकिएको समयभन्दा ढिलो र थोरै विद्यार्थीले मात्र तह पूरा गर्ने गरेका छन। विद्यार्थीको निरन्तर मूल्यांकन गरेर उपचारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट मात्र यो क्षति नियन्त्रण गर्न सकिन्छ भन्ने अवधारणा साथ उदार कक्षोन्नतिको कार्यान्वयन आवश्यक देखिन्छ ।

विद्यार्थीको यथार्थ मूल्यांकन सहजतापूर्वक र शीघ्र गर्न, विद्यार्थी मूल्यांकनका नाममा खर्च हुने अतिरिक्त समय र स्रोत बचाउन, बालबालिकाहरु रमाएर सिक्ने वातावरण निर्माण गर्न, विद्यार्थीहरुमा परिक्षा र पास फेलको सन्त्रास हटाउन निरन्तर विद्यार्थी मूल्यांकनको महत्व रहेको छ । प्राथमिक तहमा उदार कक्षोन्नति कसरी कार्यान्वयन भैरहेको छ ?, यसका सकारात्मक र नकारात्मक पक्षहरु के के छन?, कार्यान्वयनमा के कस्ता समस्याहरु सृजना भएका छन? भन्ने विषयमा केन्द्रित भइ यस अध्ययनलाई अघि बढाइएको थियो । यस अध्ययनको मुख्य औचित्यहरु निम्नानुसार रहेका छन :-

क) यस अध्ययनबाट उदार कक्षोन्नतिसंग सम्बन्धित सरोकारवाला पक्षहरुलाई आवश्यक सूचनाहरु प्रदान गर्न सहयोग पुग्ने देखिन्छ ।

ख) निरन्तर विद्यार्थी मूल्यांकन साथै उदार कक्षोन्नति कार्यान्वयनका लागि सक्रिय रहेका विभिन्न सरकारी एवम् गैर सरकारी संस्थाहरुलाई आफ्ना कार्यक्रममा विद्यालय प्र.अ., शिक्षकहरुलाई पनि समावेश गर्न आधार प्रदान गर्नेछ ।

ग) भविष्यमा यससंग सम्बन्धित भएर खोज अनुसन्धान मूलक कार्यहरु संञ्चालन गर्नका लागि सम्बन्धित क्षेत्रका सरोकारवाला पक्षहरु, नीति निर्माणकर्ताहरु र विज्ञहरुलाई आवश्यक आधार प्रदान गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन कार्यलाई व्यवस्थित रुपले सम्पन्न गर्नको लागि उद्देश्यको निर्धारण गरिएको हुन्छ । यस अध्ययनको सामान्य उद्धेश्य आधारभूत तहमा उदार कक्षोन्नति कार्यान्वयनको अवस्था अध्ययन गर्नु हुनेछ भने विशिष्ट उद्धेश्यहरु निम्नानुसार हुनेछन :-

क) उदार कक्षोन्नतिको प्रावधान पहिचान गर्नु,

ख) उदार कक्षोन्नति गर्ने प्रक्रियाहरुको विश्लेषण गर्नु ,

ग) उदार कक्षोन्नति कार्यान्वयनमा देखा परेका सबल र दुर्बल पक्षहरु पत्ता लगाउनु ,

घ) प्राथमिक तहमा उदार कक्षोन्नति गर्दा देखापरेका समस्या, समाधानका उपायहरु पहिचान गर्नु ।

## १.५ अध्ययनको सीमा

कुनैपनि अध्ययनलाई पूरा गर्न निश्चित विषय क्षेत्रभित्र सीमाबद्ध भएर त्यसको अध्ययन गर्न आवश्यक हुन्छ । सीमित स्रोत, साधन र समयको कारण यस अनुसन्धानलाई व्यापक रुपमा अध्ययन गर्न असमर्थ भएकाले निम्न अनुसार सीमाबद्ध गरी अध्ययन गरिएको थियो ।

क) यस अध्ययनलाई झापा जिल्लाको लखनपुर गाउँ विकास समीति भित्र संञ्चालित विभिन्न सामुदायिक विद्यालयहरु मध्ये दुईवटा विद्यालय श्री पिङ्गडाँडा प्रा.वि. र श्री सिंहदेवी प्रा.वि.विद्यालयमा मात्र सीमित गरिएको छ ।

ख) यो अध्ययन आधारभूत तह अर्न्तगत कक्षा १, २, ३ मा उदार कक्षोन्नति कार्यान्वयनको अवस्थासंग मात्र सम्बन्धित रहेको छ ।

ग) यस अध्ययनमा अर्न्तवार्ता सूची, प्रश्नावली, लक्षित समूह छलफल, दस्तावेज अध्ययनलाई मात्र तथ्यांक संकलनका साधनको रुपमा उपयोग गरिएको छ ।

घ) यो अध्ययनमा  छनोटमा परेका विद्यालयहरुका प्र.अ., प्राथमिक तहमा अध्यापन गराउने शिक्षक -शिक्षिकाहरु, कक्षा तीनमा अध्ययन गर्ने विद्यार्थीहरु र केही अभिभावकहरुलाई मात्र नमूनाको रुपमा छनोट गरिएको छ ।

**१.६ सम्बन्धित शब्दावलीको परिभाषा**

निरन्तर मूल्यांकन :- शिक्षण सिकाइ क्रियाकलापसंगै र आवश्यकता अनुसार समय-समयमा गरिने मूल्यांकन जसले विद्यार्थीलाई पृष्पोषण र प्रोत्साहन दिन्छ ।

उदार कक्षोन्नति :- विद्यार्थीको पठनपाठन सँगै उनीहरुको निरन्तर मूल्याङ्कन गरी सिक्न नसकेका कुराहरु सिकाएर अथवा माथिल्लो कक्षामा सिक्न सक्ने गरी विद्यार्थीलाई कक्षा चढाउने कार्य ।

कार्यसञ्चयिका :- विद्यार्थीका लिखित कार्य, सिर्जनात्मक कार्य र रचनात्मक कार्यको अभिलेख राख्ने फाइल ।

## परिच्छेद दुई
## सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अनुसन्धान पूर्व यस विषयसंग सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन गरी समिक्षा गर्नु एक अनिवार्य कार्य हो । पूर्व साहित्यको समिक्षाले सम्बन्धित विषयमा पहिले भएका खोजको मूल्यांकन गर्न सहयोग पुर्‍याउने गर्दछ । उदार कक्षोन्नतिसंग सम्बन्धित अध्ययन अनुसन्धान, पुस्तक, लेख, प्रतिवेदनलाई सम्बन्धित साहित्य अर्न्तगत समावेश गरिएको छ । सम्बन्धित विषयका अध्ययनलाई उद्देश्यमुलक व्यवहारिक र प्रभावकारी बनाउनका लागि यस विषयसंग सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको छ ।

### २.१ मूल्यांकनको अवधारणा

मूल्यांकन निरन्तर रुपमा चलिरहने प्रक्रिया हो । मूल्यांकनले शैक्षिक प्रक्रिया मार्फत प्राप्त उपलब्धिको गुणस्तर तथा प्रभावकारिताको लेखाजोखा मात्र नगरेर यस प्रक्रियाको सफलतालाई समेत सुनिश्चितता प्रदान गर्दछ । शैक्षिक प्रक्रिया संञ्चालन भैरहेको समयमा गरिएको मूल्यांकनले यसका सबल तथा दुर्बल पक्षहरुको पहिचान गरी सुधारको लागि मार्गदर्शन समेत गर्दछ। यसरी वर्तमानमा मूल्यांकन शैक्षिक प्रक्रियाको एक अभिन्न अंगको रुपमा स्थापित भइसकेको छ ( ज.व.रा. र साथीहरु , २०६७) ।

साधारण अर्थमा विद्यार्थीको सिकाईको बारेमा जानकारी लिनु नै विद्यार्थी मूल्यांकन हो। विद्यार्थीका बारेमा निर्णय लिन र विद्यार्थीमा पाठ्यक्रमले अपेक्षा गरेका उद्धेश्य पूरा गराउन विद्यार्थीको मूल्याङ्कन गरिन्छ । विद्यार्थीका बारेमा निर्णय लिन गरीने मूल्याङक्नलाई निर्णयात्मक र पाठ्यक्रमले अपेक्षा गरेका सिकाई उद्देश्य पूरा गराउन सुधारात्मक शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने अभिप्रायले गरीने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । निर्णयात्मक मूल्याङ्कन विद्यार्थीलाई उतिर्ण अनुत्तिर्ण छुट्याउने र उनीहरुको श्रेणी तथा स्तर निर्धारण गर्ने उद्धेश्यका लागि गरिन्छ । यस्तो मूल्याङ्कन शैक्षिक सत्रको अन्तमा वा तोकिए अनुसार बिचबिचमा व्यवस्थित प्रश्नपत्र र लिखित परीक्षाको माध्यमबाट गरिन्छ । तोकिएको समयमा परीक्षा हुने खास प्रक्रियाबाट छानिएका प्रश्नमा विद्यार्थीले लिखित परीक्षा दिने, तोकिएका विषयमा मात्र मौखिक तथा प्रयोगात्मक परिक्षा हुने, विद्यार्थीहरु उत्तिर्ण र अनुत्तिर्णको घोषणा गरिने भएकाले निर्णयात्मक मुल्याङ्कन औपचारिक प्रकृतिको हुन्छ । विद्यालय शिक्षाको सन्दर्भमा निर्णयात्मक मुल्याङ्कनलाई नै विद्यार्थी मूल्याङ्कनको पर्यायका रुपमा लिने प्रचलन रहि आएको छ । तर हिजो आज निर्माणात्मक र सुधारात्मक उद्धेश्ले गरिने मूल्याङ्कनले प्राथमिकता पाउन थालेको देखिन्छ । शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाउन र पाठ्यक्रमले लक्ष्य गरेका सिकाई उद्धेश्यहरु विद्यार्थीमा पूरा गराउन निरन्तर रुपमा गरिने मूल्याङ्कन निर्माणात्मक र

सुधारात्मक मूल्याङ्कन हो । त्यसैले यस मूल्याङ्कनलाई सरल भाषामा निरन्तर विद्यार्थी मूल्याङ्कन भनिएको हो ।

### २.२ निरन्तर विद्यार्थी मूल्यांकनको परिचय र आवश्यकता

विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने काम विद्यार्थी मूल्यांकन हो। विद्यार्थी मूल्यांकनबाट उनीहरुले सिकेका र सिक्न नसकेका कुराको जानकारी प्राप्त हुन्छ। सामान्यतया सुधारात्मक शिक्षण गर्न र विद्यार्थीलाई कक्षा चढाउने निर्णय लिन विद्यार्थी मूल्यांकन गरिन्छ । विद्यार्थी मूल्यांकनका विभिन्न प्रकारमध्ये निरन्तर विद्यार्थी मूल्यांकन पनि एक हो ।

निरन्तर विद्यार्थी मूल्यांकन शिक्षण सिकाइ प्रक्रियासंगै चल्ने पद्दति हो। प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षण सिकाइ प्रक्रिया र मूल्यांकन प्रक्रियालाई अलग गर्न सकिदैन । शिक्षण सिकाइ प्रक्रिया र मूल्यांकन प्रक्रिया संगसंगै अगाडी बढाउन विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप उपयोगी हुन्छ । प्रश्नोत्तर, छलफल, अभिनय, नाटकीय प्रस्तुती, संवाद,प्रर्दशन,अवलोकन भ्रमण, कामको वास्तविक अभ्यास आदि विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापका उदाहरण हुन। यस्ता क्रियाकलापबाट विद्यार्थीले सिक्नुपर्ने कुरा नियमित रुपमा सिक्दै जान्छन। शिक्षकले पनि विद्यार्थीले सिकाइ क्रियाकलापमा देखाएको सहभागिता र दक्षता अवलोकन गरेर उनीहरुको निरन्तर मूल्यांकन गर्दै जानु पर्दछ। मूल्यांकनको क्रममा विद्यार्थीका सिकाइ समस्याको पहिचान गर्नु पर्दछ। विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलापबाट शिक्षकले विद्यार्थीको स्तर पत्ता लगाएर तत्कालै आवश्यक सहयोग गर्नु पर्दछ (पा.वि.के., २०६८ पृ. ३) ।

नेपालमा शिक्षा क्षेत्रमा थुपै लगानी गरिए पनि लगानी गरिए अनुसार त्यसको प्रभावकारिता बढन सकेको छैन । हाम्रो शिक्षाको गुणात्मक पक्ष निकै कमजोर छ । कक्षा दोहोर्‍याउने र बिचैमा छाड्ने विद्यार्थी संख्या बढि छ। यसका विभिन्न कारणमध्ये हाम्रो मूल्यांकन परिपाटी पनि केहि हदसम्म जिम्मेवार रहेको छ । हाम्रो मुलुकमा शिक्षाको गुणात्मक यथावत रहन र शिक्षा पूरा नगरी बीचैमा शिक्षा लिन छाड्नेहरुको संख्या बढी हुनुमा वर्तमान आवधिक लिखित परीक्षामा आधारित मूल्यांकन प्रणाली पनि जिम्मेवार ठानी शिक्षा मन्त्रालयले नवौं योजनादेखि प्राथमिक तहको १-३ सम्मको लागि निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली सुरुवात गरी विस्तार गर्दै लैजाने नीति लिएको थियो ।

नवौं योजनाको कार्यक्रम अनुसार आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको गुरुयोजना सन् १९९७ मा निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीलाई केही जिल्लामा परिक्षणको रुपमा लागू गर्ने कार्यक्रम राखेअनुसार इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कञ्चनपुर जिल्लामा परिक्षण कार्यक्रम सम्पन्न भएको थियो। त्यस्तै आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको दोस्रो चरणको कार्यक्रम कार्यान्वयन योजनाको मूल दस्तावेजमा पनि निरन्तर विद्यार्थी मूल्यांकन कार्यक्रमलाई जोड दिइएको थियो। दसौं पञ्चवर्षीय योजनाले आफ्नो कार्यक्रममा निरन्तर मूल्यांकन प्रणालीलाई परिक्षण र अनुगमनका आधारमा कक्षा ५ सम्म लागू गर्ने उल्लेख गरेको थियो। तसर्थ दसौं योजना कालमा पनि निरन्तर मूल्यांकन प्रणालीले

कार्यक्रमका रुपमा निरन्तरता पाएको थियो । त्यस्तै तीन वर्षीय अन्तरिम योजनाले पनि कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्यांकन नीति लिने र क्रमशः लेटर ग्रेडिङ पद्दतिको व्यवस्था गर्ने नीति अगाडी सारेको थियो (अधिकारी , २०६७ पृ. ४९५ ) ।

निरन्तर मूल्यांकनको आफ्नै विशेष स्वरुप र प्रकृति रहेका हुन्छन । यसका विशेषताहरु वारे (के.सी र साथीहरु २०६८ पृ.४९४) ले निम्न अनुसार उल्लेख गरेका छन :-

क) हरेक शिक्षणसिकाइ क्रियाकलापसंगसंगै तथा आवश्यकतानुसार बारम्बार गरिने मूल्यांकन निरन्तर विद्यार्थी मूल्यांकन हो ।

ख) निरन्तर विद्यार्थी मूल्यांकन मूलत : अनौपचारिक मूल्यांकनको प्रणाली हो । यस मूल्यांकन प्रणालीमा कुनै पनि समयमा मूल्यांकनका विभिन्न माध्यम( मौखिक प्रश्नोत्तर, अवलोकन, विगतमा गरेको काम आदि ) बाट विद्यार्थीको मूल्यांकन गरिन्छ ।

ग) निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय लिनभन्दा पनि प्रभावकारी शिक्षण सिकाइका लागि पृष्ठपोषणको रुपमा उपयोग गरिन्छ ।

घ) यसबाट कमजोर विद्यार्थीलाई उपलब्धिस्तर बढाउन मद्धत पुग्दछ ।

निरन्तर विद्यार्थी मूल्यांकनको मुख्य उद्देश्य प्रभावकारी शिक्षण सिकाइका माध्यमबाट विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउनु हो । समग्रमा निरन्तर विद्यार्थी मूल्यांकनको आवश्यकतालाई निरन्तर विद्यार्थी मूल्यांकन कार्यान्वयन पुस्तिका (२०६८) ले निम्नानुसार उल्लेख गरेको पाइन्छ :-

क) विद्यार्थीको प्रभावकारी सिकाइ र कार्यव्यवहारमा सहयोग पुर्‍याउन ।

ख) सिकाइस्तर कम भएका विद्यार्थीहरुलाई सुधारात्मक शिक्षण गर्न ।

ग) विद्यार्थीहरुमा पाठ्यक्रमले निर्धारण गरेका ज्ञान, सीप र व्यवहारलाई दिगो रुपमा स्थापित गर्न ।

घ) विद्यार्थीको सही मूल्यांकन निरन्तर र सहजतापूर्वक गर्न ।

ङ) तह पूरा गर्ने दर र सिकाइउपलब्धिस्तरमा वृद्दि गर्न ।

च) बालमैत्री सिकाइ र मूल्यांकनको वातावरण बनाउन ।

छ) विद्यार्थी मूल्यांकनका लागि आवश्यक हुने अतिरिक्त समय र स्रोतको बचत गर्न ।

ज) विद्यार्थीहरुलाई मूल्यांकनप्रति उत्साहित गर्न ।

झ) विद्यार्थी बिचको वैयक्तिक भिन्नताहरु पत्ता लगाइ सिकाइमा सुधार गर्न ।

ञ) विद्यार्थीको सिकाइउपलब्धिको वैधता र विश्वसनीयतामा सुधार गर्न ।

ट) विद्यार्थीलाई नियमित उपस्थितिमा उत्साहित गर्न ।

## २.३ निरन्तर विद्यार्थी मूल्यांकन र उदार कक्षोन्नति सम्बन्धि विद्यमान नीतिहरु

निरन्तर विद्यार्थी मुल्याङ्कन र उदार कक्षोन्नति नीति सम्बन्धि विभिन्न नीतिहरुको लेखाजोखा गर्न राष्ट्रिय पाठयक्रम प्रारुप, प्राथमिक शिक्षा पाठ्यक्रम विद्यालय क्षेत्र सुधार कार्यक्रम आदिको महत्वपूर्ण भूमिका रहन्छ । यी दस्तावेजहरुले नेपालमा उदार कक्षोन्नति नीति र निरन्तर विद्यार्थी मूल्यांकन सम्बन्धि विभिन्न नीतिहरु उल्लेख गरेका छन । यसै अनुरुप राष्ट्रिय पाठयक्रम प्रारुप २०६३ ले यस सम्बन्धि नीतिहरुलाई निम्न अनुसार प्रस्तुत गरेको छ :-

> " विद्यार्थी मूल्यांकनलाई उच्च स्थान दिइने छ । मूल्यांकनलाई विद्यार्थीको सिकाइसंग आवद्ध हुने गरी विकसित गरिनेछ । यसरी मूल्यांकन गर्दा पाठ्यक्रममा आधारित विद्यार्थीको सक्षमतामा लक्षित हुने गरी गरिने छ । विद्यार्थी मूल्यांकनलाई विद्यालयमा आधारित हुनेगरी व्यवस्थित गरिने छ र विद्यार्थी मूल्यांकनमा शिक्षकलाई जिम्मेबार बनाइने छ । विद्यार्थी मूल्यांकन दुई प्रकारको हुनेछ । पहिलो निर्माणात्मक र दोस्रो निर्णयात्मक । निर्णयात्मक मूल्यांकनले विद्यार्थीको शैक्षिक उपलब्धिका अतिरिक्त विद्यार्थीका विशिष्ट व्यवहार, सीप प्रवृति जस्ता गुणात्मक पक्षहरुको मूल्यांकनमा जोड दिनेछ। निर्णयात्मक मूल्यांकनले विशेष गरी कक्षोन्नति तथा तह वृद्दि तर्फ जोड दिनेछ । निरन्तर मूल्यांकन पद्दतिका आधारमा उदार कक्षोन्नतिलाई क्रमशः आधारभूत शिक्षाको कक्षा सात (७) सम्म लागू गरिने छ पा.वि.के. (२०६३) पृ.३१ ।"

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले प्रस्तुत गरेको विद्यार्थी मूल्याङ्कन नीतिलाई निम्नानुसार प्रस्तुत गरेको छ :-

विद्यार्थी मूल्यांकन निर्णयात्मक र निर्माणात्मक गरी दुई प्रकारबाट गरिने छ । विद्यार्थीको मूल्यांकन गर्दा देहायका नीतिहरु अबलम्बन गरिने छ ।

क) सबै तह तथा कक्षाहरुमा औपचारिक एवम् अनौपचारिक मूल्यांकन विधि प्रयोग गरी आन्तरिक तथा बह्य मूल्यांकन प्रक्रिया अवलम्बन गरिने छ ।

ख) विद्यार्थी मूल्यांकन गर्दा कक्षाकार्य, योजना कार्य, सामुदायिक कार्य, एकाइ परीक्षा, उपलब्धि परीक्षा, त्रैमासिक परीक्षा, अवलोकन, रचनात्मक तथा प्रवर्द्धनात्मक कार्य जस्ता साधन तरिका प्रयोगमा ल्याइने छ ।

ग) उपचारात्मक प्रावधान राखी गुणस्तर निश्चित गरेर आधारभूत शिक्षामा (कक्षा १ देखि कक्षा ७ सम्म ) उदार कक्षोन्नतिको व्यवस्था क्रमिक रुपमा लागू गरिने छ । यस प्रकारको व्यवस्था भए तापनि कक्षा ५ को अन्त्यमा निश्चित शैक्षिक मापन गरी गुणस्तर कायम गर्न स्रोत केन्द्र तहमा परीक्षा लिइने छ पा.वि.के.(२०६३) पृ. ४० ।

प्राथमिक शिक्षा पाठयक्रम (२०६५) ले पनि निरन्तर विद्यार्थी मूल्यांकन र उदार कक्षोन्नतिलाई समावेश गरेको छ यसमा निरन्तर विद्यार्थी मूल्यांकनको लागि निम्नानुसारका व्यवस्थाहरु गरिएका छन :-

क) प्राथमिक तह निर्माणात्मक सुधारात्मक मूल्यांकन पद्दतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने छ । निर्माणात्मक मूल्यांकनको मुख्य उद्धेश्य विद्यार्थीहरुको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक -पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ ।

ख) कक्षा १-३ का विद्यार्थीको कार्यसंञ्चयिका (प्रगति विवरण) फायल राखिने छ । कार्यसंञ्चयिका फायललाई विद्यार्थीको कक्षाकाय, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहारिक परिवर्तन, अवलोकन हाजिरी आदिका माध्यमले अद्यावधिक गरिने छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिनामा अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसंञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य मै बढी जोड दिनुपर्ने छ ।

ग) कक्षा १-३ मा निरन्तर विद्यार्थीको मूल्यांकन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ ।

घ) कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्यांकनका आधारमा मूल्यांकन गरिने भएकाले उतीर्णाङ्क तोकिएको छैन ।

ङ) निरन्तर विद्यार्थी मूल्यांकनको मुख्य उद्धेश्य निर्दिष्ट सिकाइ उपलब्धिका आधारमा विद्यार्थी उपलब्धिको नियमित मूल्यांकन गरी सोको अभिलेखका आधारमा कक्षोन्नति गर्नु हो । निरन्तर विद्यार्थी मूल्यांकनका क्रममा विद्यार्थीको सिकाइ उपलब्धिको स्तर हेरी सुधारात्मक शिक्षण गर्नुपर्ने छ । विद्यालयमा उपस्थिति भएका । न्यूनतम सिकाइ उपलब्धि हासिल नगरेका विद्यार्थीहरुका लागि पुनः सिक्ने अवसर दिने गरी सम्बन्धित शिक्षकको निर्णयबाट कक्षोन्नति गर्न सकिने छ ।

च) कक्षा १-३ मा विद्यार्थीले गरेको प्रगतिका आधारमा उनीहरुलाई 'क ' देखि 'ग' श्रेणीमा वर्गीकरण गरिने छ ।

छ) निरन्तर विद्यार्थी मूल्यांकन (निर्माणात्मक मूल्यांकन) औषत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्यांकनमा अनत्तिर्ण भएका विद्यार्थीका हकमा

सम्बन्धित अभिभावक, कक्षा विषय शिक्षक र प्रधानाध्यापकले कक्षोन्नतिको निर्णय गर्ने छन ।

ज) विविध सिकाइ आवश्यकता भएका विद्यार्थीहरुका लागि उपर्युक्त हुने मूल्यांकन प्रक्रिया अपनाउनु पर्नेछ ।

यसै गरी आवधिक योजनामा उदार कक्षोन्नति सम्बन्धि व्यवस्थालाई निम्न अनुसार प्रस्तुत गरेको छ :-

चरणबद्ध रुपमा कक्षा ७ सम्म तोकिएको सिकाइउपलब्धि सुनिश्चित गरी उदार कक्षोन्नति व्यवस्था लागू गर्ने र यसोगर्दा विद्यार्थीको उपलब्धिका आधारमा ग्रेडिङ गर्ने । विद्यार्थीको तहगत न्यूनतम सिकाइउपलब्धि हासिल गराउन विद्यालयको शिक्षणसिकाइमा सुधार गर्ने परिपाटीको विकास गर्न विद्यालयलाई सहयोग प्रदान गर्ने प्रावधान राख्ने ।

त्रिबर्षीय योजनाको आधारपत्र (२०६७/२०६८-२०६९/२०७०) ले यस मर्मलाई आत्मसाथ गर्दै गुणस्तर परिक्षणका लागि मापदण्डको तयारी र प्रयोगमा जोड दिएको पाइन्छ । यसरी नै विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६७-२०७२) ले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि नीति निर्देशन अन्तर्गत निम्नलिखित व्यवस्था गरेको छ :-

क) निरन्तर मूल्यांकन तथा उपचारात्मक सहयोग पद्धतिको कार्यान्वयन गर्ने ।

ख) पाठयक्रम विकास केन्द्रले आधारभूत शिक्षामा निरन्तर मूल्यांकन पद्धतिको खाका तयार गर्नेछ । विद्यालयले निरन्तर मूल्यांकन पद्दतिको कार्यान्वयन गर्न प्राविधिक र प्रशासनिक सहयोग प्राप्त गर्ने छन ।

ग) विद्यालयका प्रत्येक कक्षामा निरन्तर मूल्यांकन प्रणाली लागू गरिने छ, विद्यार्थी मूल्यांकनको अभिलेख तोकिएको ढाँचामा राखिने छ ।

घ) प्रत्येक विषयको विद्यार्थीको उपलब्धिका लागि विषय शिक्षकलाई जवाफदेही बनाइने छ ।

ङ) विद्यार्थीहरुको उपलब्धिको नियमित जानकारी अभिभावकले पाइरहेका छन । यसका लागि शिक्षकलाई जिम्मेवार बनाइने छ ।

च) प्रत्येक विषय शिक्षकले कमजोर विद्यार्थीको उपलब्धि र अरु विद्यार्थी सरह बनाउनका लागि थप कक्षाहरु संञ्चालन गर्नेछन ।

### २.४ उदार कक्षोन्नति व्यवस्था

विद्यार्थीको सिकाइ उपलब्धिको निरन्तर मूल्यांकन गरी कुनै औपचारिक परीक्षा बिना नै कक्षा चढाउनु उदार कक्षोन्नति हो । यस प्रणालीमा खास आधार पूरा गरपछि विद्यार्थीलाई कक्षा चढाइन्छ ।

निरन्तर विद्यार्थी मूल्यांकन प्रक्रिया लागू भएका क्षेत्रमा कक्षा १,२ र ३ का विद्यार्थीहरुले कक्षागत रुपमा तोकिएका सिकाइ उपलब्धि सूचकसम्बन्धि काममध्ये केही वा सबै काममा १ वा २ अंक मात्र पाएको भए पनि ती विद्यार्थीलाई उदार कक्षोन्नतिका आधारमा कक्षा चढाउने व्यवस्था गरिएको छ ।

विद्यार्थीले सिक्न नसकेका कुरा समयमै जानकारी गरेर उनीहरुलाई आवश्यकता अनुसार थप मद्दत गर्न पटक-पटक गरिने मूल्यांकनलाई निरन्तर मूल्यांकन भनिन्छ । विद्यार्थीले के कति सिके भनेर मूल्यांकनका विभिन्न साधनहरु अपनाएर विद्यार्थीको क्रमिक रुपमा निरन्तर मूल्यांकन गरिन्छ ।

विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्दा कार्य सञ्चयिका प्रगतिको अभिलेख राखिन्छ । कार्यसञ्चयिका भित्र राखिने विद्यार्थीको विषयगत सिकाई अवस्था देखाउने फारामहरु आवस्यक्ता र क्षमता अनुसार फरक हुन पनि सक्दछन । प्राथमिक शिक्षा पाठ्यक्रमले विद्यार्थीको विषयगत प्रगति अभिलेख पाठगत आधारमा रेजा (√) चिन्ह लगाएर राख्न निर्देश गरेको छ । जसमा अतिउत्तम सिकेकालाई तिनवटा रेजा (√ √ √) , उत्तम सिकेकालाई दुईवटा रेजा (√ √) र सामान्य सिकेकालाई एउटा रेजा (√) दिएर विद्यार्थीहरुको प्रगति विवरण राख्ने व्यबस्था रहेको छ । प्रत्येक पाठमा रेजा दिनको लागि कक्षा कार्य परियोजना कार्य, व्यवहारमा परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी, प्रश्नोत्तर, जस्ता मापदण्डलाई आधार मान्ने र पाठगत आधारमा रेजा दिईसकेपछि हरेक त्रैमासिकमा रेजाको आधारमा विद्यार्थीहरुलाई निम्नलिखित तरिकाले क, ख, ग श्रेणीमा छुट्याउने व्यवस्था निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका २०६८ ले गरेको छ । श्रेष्ठ र अन्य (२०५९) ले उदार कक्षोन्नतिका आधारहरुलाई निम्नानुसार उल्लेख गरेका छन :-

क) माथिल्लो कक्षामा जाने उमेर पुगेको हुनुपर्ने ।

ख) विद्यालय खुलेको दिनको ७० प्रतिशत हाजिर भएको हुनुपर्ने ।

ग) शैक्षिक सत्रको पहिलो चौमासिक अवधिमै कक्षामा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई सोही अवधिभित्र माथिल्लो कक्षामा चढाउन सकिने (श्रेष्ठ र अन्य, २०५९) ।

यसरी निरन्तर विद्यार्थी मूल्यांकन संगसंगै उदार कक्षोन्नति व्यवस्था पनि महत्वपूर्ण नीति हो । यसले बिचैमा विद्यालय छाड्ने संख्या कम गर्न, कक्षा दोहोर्‍याउने विद्यार्थी संख्या कम गर्न, विद्यार्थीका कमीकमजोरीहरु समयमै निरुपण गरी सुधार गर्न सहयोग पुर्‍याउदछ । हाम्रो देशमा अहिले पनि विद्यालय जाने उमेर समूह (६-१५)वर्षका ६० लाख बालबालिकाहरु मध्ये ५३ प्रतिशत प्राथमिक, २८ प्रतिशत निम्नमाध्यमिक र केबल १८ प्रतिशत मात्र माध्यमिक विद्यालयमा अध्ययन गर्न जाने गर्दछन । २००१ को शैक्षिक तथ्यांक अनुसार प्राथमिक विद्यालय जाने उमेरका करिब १९ प्रतिशत बालबालिकाहरु अहिले पनि विद्यालय गैरहेका छैनन । दशौं योजनामा सबै बालबालिकाहरुका लागि आधारभूत तथा प्राथमिक शिक्षामा पहुँच सुनिश्चित गराउनु सरकारको प्राथमिकता भएको उल्लेख छ । शिक्षा तथा खेलकुद मन्त्रालय आफैले २०१५ सम्ममा सबै बालबालिकाहरुका लागि प्राथमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने चुनौतिपूर्ण लक्ष्य प्राप्तिका सन्दर्भमा २००९ मा ठोस प्रगति देखाउने प्रतिवद्दता व्यक्त गरेको छ (सबैका लागि शिक्षा

२००४-२००९) । तरपनि २००१ को तथ्यांक अनुसार ६ वर्ष माथिकाको साक्षरता दर केबल ५४ प्रतिशत ( पुरुष ६५ प्रतिशत र महिला ४३ प्रतिशत ) देखिन्छ । यसबाट देशमा करिब आधा भन्दा बढी जनसंख्या निरक्षर रहेको संकेत मिल्दछ । Department of Education ( 2008 - 2009 ) को तथ्यांक अनुसार कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ सम्म क्रमश : २८.३, १२.९, १०.१, ९.७, र ७.३ रहेको देखिन्छ । त्यसैगरी कक्षा छाड्ने दर कक्षा १ देखि ५ सम्म क्रमश : १२.१, ६.६, ७.४, ५, ९.२ रहेको देखिन्छ । यो दरलाई कम गर्न उदार कक्षोन्नति नीति र निरन्तर विद्यार्थी मूल्यांकनले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

### २.५ सम्बन्धित अध्ययनहरुको समिक्षा

सैद्धान्तिक आधारहरुको अध्ययन र समिक्षा गर्नुका साथै यस अध्ययनसंग सम्बन्धित पूर्व अध्ययनहरुको पनि अध्ययन समिक्षा गर्न आवश्यक देखिन्छ। यी अध्ययनहरुले पहिले गरेका अध्ययनहरुको पक्ष थाहा पाउन पहिलेका अध्ययनहरुले नसमेटेका पक्षहरु पहिचान गरेर यस अध्ययनलाईअगाडी बढाउन ठोस आधार प्रदान गरेको महशुस गरेको छु । अध्ययन गरिएका ती सम्बन्धित अध्ययनहरुको समिक्षात्मक प्रस्तुती यस प्रकार रहेको छ ।


भट्ट (२०६५) ले प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली र उदार कक्षोन्नति व्यवस्था कार्यान्वयनको अवस्था शीर्षकमा अध्ययन गरेका थिए । यस अध्ययनको उद्धेश्य उदारकक्षोन्नति व्यवस्था बारे शिक्षक एवम् अभिभावकहरुको अवधारणा पत्ता लगाउने ,कार्यान्वयनको अवस्था पत्ता लगाउने र कार्यान्वयनमा देखिएका समस्या पत्ता लगाउने उद्धेश्य रहेको थियो । उहाँको अध्ययनमा विद्यार्थीहरु नियमित उपस्थित नहुने ,शिक्षकहरु तालिम प्राप्त नहुनु र विद्यार्थी संख्या अधिक हुने कारणहरु प्रमुख समस्याको रुपमा औल्याउनु भएको थियो । साथै यसलाई समाधान गर्न विद्यार्थीहरुका कमीकमजोरीहरु औल्याइ सुधार गर्नको लागि पुरस्कार र दण्ड सहितको मनोवैज्ञानिक ढंगले उपचार गर्नुपर्ने, विद्यार्थीका सम्पूर्ण क्रियाकलापको रेकर्ड राख्नुपर्न, शिक्षकहरुलाई तालिम दिनुपर्ने सुझाव दिनुभएको थियो ।

वि.क. (२०६८) ले प्राथमिक तहमा उदार कक्षोन्नति नीति कार्यान्वयनको अवस्था तथा शैक्षिक उपलब्धि शीर्षकमा प्राथमिक तहमा उदार कक्षोन्नति नीति कार्यान्वयनको अवस्था पहिचान गर्नु, प्राथमिक तहमा उदार कक्षोन्नति कार्यान्वयनद्धार प्राप्त शैक्षिक उपलब्धि पत्ता लगाउनु, प्राथमिक तहमा उदार कक्षोन्नति गर्दा देखापरेका समस्या समाधानका उपायहरु पहिचान गर्नु उद्धेश्य राखी अध्ययन गर्नुभएको थियो। जसबाट अधिकांश शिक्षकहरु तालिम अप्राप्त, भौतिक तथा व्यवस्थापन पक्ष कमजोर, विद्यार्थीहरुको संख्या बढि भएका कारण उदार कक्षोन्नति नीति प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको उल्लेख गर्नुभएको छ । यसलाई समाधान गर्न शिक्षकहरुलाई तालिम दिइनुपर्ने, विद्यालयको भौतिक व्यवस्थापन पक्षलाई सबल र सुदृढ बनाउन, अभिभावक, जनसमुदाय र सरकारी स्तरबाट सहयोग गर्नुपर्ने, विद्यालयमा विद्यार्थी संख्या अनुपातमा शिक्षक दरबन्दी उपलब्ध गराउनुपर्ने, शिक्षकहरुले कमजोर विद्यार्थीको अभिलेख अध्ययन गरी सुधारात्मक शिक्षामा जोड दिनुपर्ने पक्षलाई उल्लेख गर्नुभएको छ ।

## २. ६ अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचा भन्नाले अध्ययन गर्ने अनुसन्धानको मानसिक नक्सा हो। जसले अनुसन्धान गर्न मार्ग चित्रण गर्दछ। अवधारणात्मक ढाँचाले कुनै अध्ययनको महत्वपूर्ण पक्षहरु तथा तिनीहरु बिचको अनुमानित अन्तरसम्बन्धको व्याख्या गर्दछ । उदार कक्षोन्नति कार्यान्वयनको अवस्थासंग सम्बन्धित अवधारणात्मक ढाँचालाई यस प्रकार प्रस्तुत गरिएको छ :

**अवधारणात्मक ढाँचा**




प्रस्तुत अध्ययनमा माथिका विषयवस्तुहरुलाई उद्धेश्य अनुरुप क्रमबद्ध रुपमा विश्लेषण गरी निष्कर्षमा पुग्ने कोशिस गरिएको छ । जसमा आधारभूत तहमा उदार कक्षोन्नति कार्यान्वयनको अवस्था शीर्षक अध्ययन गर्न यसका प्रावधानहरु ,कार्यान्वयनको अवस्था, सबल र दुर्बल पक्ष, समस्या समाधानका उपायहरुको खोजी गरी अध्ययन गरिएको छ ।

## परिच्छेद तीन
## अध्ययन विधि

विधि भन्नाले कुनैपनि कार्यक्रम सुव्यवस्थित तरिकाले संञ्चालन गर्नका लागि अपनाइने तौर तरिका हो । अनुसन्धान आफैमा एक व्यवस्थित र जटिल प्रक्रिया हो । जसलाई अगाडी बढाउन एक निश्चित योजना वा रणनीतिको आवश्यकता पर्दछ । अध्ययनलाई सही बाटो दिन र निर्धारित समयमा उद्देश्य प्राप्त गर्न उपर्युक्त विधिको छनोट गर्नु पर्दछ ।

### ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्धेश्य, संकलित सूचनाहरुको किसिम जस्ता विभिन्न पक्षहरुमा निर्भर गर्दछ । गुणात्मक अनुसन्धान कुनै अवस्था घटना ,प्रक्रिया तथा समस्याहरुको अध्ययन गर्ने उद्धेश्य नामरुपी तथा क्रमागत स्केलमा मापन गरिएका वा शाब्दिक रुपमा संकलन गरिएका असाङ्ख्यिक तथ्यांकहरुलाई तार्किक विधिद्धारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ । यो अध्ययनलाई अघि बढाउनका लागि गुणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । यसमा अनुसन्धानकर्ताले प्रत्यक्ष विद्यालयमा गएर उद्धेश्यमा आधारित भइ अनुसन्धान गरिएको थियो । यस अनुसन्धानको जनसंख्या र नमूना छनोट निम्नानुसार रहेको थियो :-

### ३.२ जनसंख्या र नमूना छनोट प्रक्रिया

**क) जनसंख्या**

यो अध्ययन झापा जिल्लाका आधारभूत तह अध्यापन गराउने विद्यालयमा केन्द्रित थियो । जसमा झापा जिल्लाको लखनपुर गा.वि.स.अर्न्तगत रहेका दुईवटा विद्यालयका प्र.अ., आधारभूत तहमा अध्यापन गराउने शिक्षक, शिक्षिकाहरु कक्षा तीनमा अध्ययनरत विद्यार्थीहरु र दश जना अभिभावकहरुलाई यस अध्ययनमा उद्धेश्य अनुरुप सूचना संकलन गर्न मुख्य जनसंख्याको रुपमा लिइएको थियो ।

**ख) नमूना छनोट**

कुनै पनि अध्ययन अनुसन्धान कार्यलाई अगाडी बढाउन नमूना छनौट गर्नुपर्ने हुन्छ । नमूना छनौट सम्पूर्ण जनसंख्याबाट गरिएको सानो रुप हो । अध्ययन कार्यलाई सहज, सरल एवम् कम समय र खर्चमा संञ्चालन गर्नको लागि निश्चित नमूना जनसंख्याको छनौट गर्ने गरिन्छ । यस अध्ययन कार्यलाई सम्पन्न गर्न निम्न अनुसार नमूना छनौट गरिएको थियो ।

### ३.२.१ विद्यालयको छनौट

झापा जिल्ला लखनपुर गा.वि.स. अर्न्तगत रहेका सामुदायिक विद्यालयहरु मध्ये आफूलाई पायक पर्ने गरी सुविधाजनक नमूना छनौट विधिको आधारमा दुईवटा सामुदायिक विद्यालयहरु जसमा श्री पिङ्गडाँडा प्रा.वि. र श्री सिंहदेवी प्रा.वि. लाई छनोट गरिएको थियो ।

### ३.२.२ प्रधानाध्यापक र शिक्षक छनोट

छनोटमा परेका दुईवटा विद्यालयका दुई जना प्रधानाध्यापकलाई असंरचित अर्न्तवार्ताको लागि स्वतःछनोट गरिएको थियो । साथै सोही विद्यालयहरुका आधारभूत तहसम्म अध्यापनरत सम्पूर्ण शिक्षक शिक्षिकाहरुलाई उद्धेश्य अनुरुप सूचना संकलन गर्नका लागि शिक्षक प्रश्नावलीको प्रयोग गरिएको थियो ।

### ३.२.३ विद्यार्थी छनोट

छनोटमा परेका विद्यालयका प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरु मध्येबाट सुविधाजनक नमूना छनोट विधिको आधारमा आफूलाई उपलब्ध भएका र अध्ययनमा सहयोग गर्ने प्रत्येक विद्यालयका कक्षा तीनमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित समूह छलफलका लागि छनोट गरिएको थियो । यसरी छनोट गर्दा श्री पिङ्गडाँडा प्रा.वि.बाट छ जना र श्री सिंहदेवी प्रा.वि बाट दश जना विद्यार्थीहरु छनोट गरिएको थियो ।

### ३.२.४ अभिभावक छनोट

छनोटमा परेका दुई वटै विद्यालयका कक्षा तीनमा अध्ययनरत विद्यार्थीहरु जो लक्षित समूह छलफलमा छनोट भएका थिए । ती विद्यार्थीका अभिभावकहरु मध्ये एउटा विद्यालयका पाँच जना र अर्को विद्यालयका पाँच जना गरी दश जना अभिभावकलाई उद्देश्यात्मक नमूना छनोट विधिबाट छनोट गरिएको थियो ।

## ३.३ तथ्यांक संकलनका साधनहरुको निर्माण

यस अध्ययनमा उद्धेश्य अनुरुप सूचना संकलन गर्नको लागि निम्मलिखित साधनहरुको निर्माण गरी सूचना संकलन गरिएको थियो ।

### ३.३.१ अर्न्तवार्ता सूची

दुई वा दुई भन्दा बढी व्यक्तिहरु आमने सामने बसेर निश्चित उद्देश्य र प्रश्नहरुमा केन्द्रित भइ दोहोरो वार्तालाप गरी सूचनाहरु संकलन गरिने विधिलाई अर्न्तवार्ता भनिन्छ । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानमा आधारित रहने भएकाले असंरचित अर्न्तवार्ताको आधारमा गहन सूचनाहरु संकलन गरिएको थियो । यी अर्न्तवार्ता सूची निम्नानुसार वर्णन गरिएको छ ।

**क) प्र. अ. अर्न्तवार्ता**

यस अध्ययनमा छनोटमा परेका विद्यालयका प्र.अ. संग उदार कक्षोन्नति कार्यान्वयन मूल्यांकन गर्ने आधारहरु, उदार कक्षोन्नति गराउने प्रक्रियाहरु, तालिम, यसका सबल र दुर्बल पक्षहरु, समस्या, समाधानका उपायहरुको बारेमा सूचना संकलन गर्न अर्न्तवार्ता अनुसूची निर्माण गरी प्रयोग गरिएको थियो । जसलाई अनुसूचि १ मा देखाइएको छ ।

**ख) अभिभावक अर्न्तवार्ता**

छनोटमा परेका अभिभावकहरुलाई आफ्ना बालबालिकाहरुको मूल्यांकन कसरी भइरहेको जानकारी पत्ता लगाउन र उद्देश्य अनुरुप सूचनाहरु संकलन गर्न अभिभावकलाई अर्न्तवार्ता अनुसूची निर्माण गरिएको थियो । जसलाई अनुसूचि २ मा देखाइएको छ ।

**३.३.२ प्रश्नावली**

छनोटमा परेका विद्यालयका प्राथमिक तहका शिक्षकहरुलाई उदार कक्षोन्नतिको अवधारणा, भइरहेको नीति नियम, मूल्यांकन विधिहरुको उपर्युक्तता, कार्यान्वयनको तरिका, तालिममा सहभागिता, मापदण्ड, उदार कक्षोन्नतिको प्रक्रिया, उदार कक्षोन्नतिका सबल र दुर्बल पक्षहरु र समस्या समाधानका उपाय आदि विषयहरुमा सूचना संकलन गर्न शिक्षकहरुलाई खुल्ला प्रश्नावली प्रयोग गरिएको थियो । जसलाई अनुसूचि ३ मा देखाइएको छ ।

**३.३.३ लक्षित समूह छलफल निर्देशिका**

छनोटमा परेका विद्यार्थीहरुसंग मूल्यांकनका सम्बन्धमा कक्षाकार्य, गृहकार्य, कक्षा सहभागिता, सिर्जनात्मक कार्य, पुरस्कार, दण्ड, परीक्षा जस्ता विविध पक्षहरुमा आधारित भइ लक्षित समूह छलफल निर्देशिका तयार पारी संञ्चालन गरिएको थियो । जसलाई अनुसूचि ४ मा देखाइएको छ ।

**३.३.४ दस्तावेज अध्ययन**

यस अध्ययनमा उदार कक्षोन्नति मूल्यांकन गर्न विद्यालयहरुले प्रयोग गरेका फारमहरु, कार्यसंञ्चयिका, हाजिरी, मूल्यांकन अभिलेखलाई दस्तावेज अध्ययनको लागि आधार मानी सूचना संकलन गरिएको थियो ।

**३.४ साधनको वैधता निर्धारण**

सूचना संकलनका लागि साधनहरुको निर्माण गरिसकेपछि साधनलाई अन्तिम रुप दिनु अगाडी त्यसको विश्वसनीयता र वैधता परिक्षण गर्नका लागि उक्त साधनहरुमा साथी समूहमा छलफल गरी

त्यसलाई सुधार गरिएको थियो । साथै यस अध्ययनको उद्देश्य हासिल गर्न साधनको निर्माण गरिसकेपछि शोध निर्देशक समक्ष प्रस्तुत गरी उहाँ कै राय, सुझाव अनुसार परिमार्जन गरी साधनलाई अन्तिम रुप दिइएको छ ।

### ३.५ तथ्यांक संकलन प्रक्रिया

यस अध्ययनका लागि आवश्यक पर्ने सूचना संकलन गर्न झापा जिल्ला लखनपुर गा.वि.स. अर्न्तगत रहेका दुईवटा सामुदायिक विद्यालय श्री पिङ्गडाँडा प्रा.वि. र श्री सिंहदेवी प्रा.वि. मा अध्ययनकर्ता स्वयं उपस्थित भइ अध्ययनका लागि तयार पारिएका साधनहरुको प्रयोग गरी सूचना संकलन प्रक्रियालाई अघि बढाइएको थियो । जसमा उद्धेश्य अनुरुप सूचना संकलन गर्न दुवै विद्यालयका प्रधानाध्यापकलाई असंरचित अर्न्तवार्ता, दुवै विद्यालयका आधारभूत तहमा अध्यापन गराउने सम्पूर्ण शिक्षकहरुलाई प्रश्नावली, दुवै विद्यालयका कक्षा तीनमा अध्ययनरत उपस्थित सम्पूर्ण विद्यार्थीहरुसंग लक्षित समूह छलफल, दुवै विद्यालयका पाँच पाँच गरी जम्मा दश जना अभिभावकहरुसंग असंरचित अर्न्तवार्ता र दुवै विद्यालयहरुका दस्तावेजहरुको अध्ययन गरी सूचनाहरु संकलन गरिएको थियो ।

### ३.६ तथ्यांक विश्लेषण प्रक्रिया

यस अध्ययनमा आवश्यक सूचना संकलनका साधनहरुको प्रयोग गरी संकलन गरिएको थियो । उक्त संकलित सूचनाहरुलाई अनुसन्धानकर्ताले तालिकीकरण गरिएको थियो । यी सूचनाहरुलाई अनुसन्धानको उद्धेश्य तथा अनुसन्धानात्मक प्रश्नहरुको जवाफ आउने गरी सामूहिकीकरण गरेर वर्णनात्मक विधिको सहायताले सूचनाहरुको विश्लेषण र व्याख्या गरिएको थियो ।

# परिच्छेद चार

# सूचनाको विश्लेषण र व्याख्या

अनुसन्धान प्रक्रियामा छरिएर रहेका सूचनाहरुलाई संगठित गर्न निश्चित क्रममा मिलाउने, सम्पादन गर्ने र व्यवस्थित गर्ने कार्यलाई सूचनाको विश्लेषण र व्यख्या भनिन्छ । आधारभूत तहमा उदार कक्षोन्नति कार्यान्वयनको अवस्था शीर्षक अध्ययन गर्न झापा जिल्ला लखनपुर गा.वि.स. अर्न्तगत रहेका दसवटा सामुदायिक विद्यालयहरु मध्ये दुईवटा प्राथमिक विद्यालयहरु श्री पिङ्गडाँडा प्राथमिक विद्यालय र श्री सिंहदेवी प्राथमिक विद्यालयलाई सम्भावनारहित नमूना छनोट पद्धति अर्न्तगतको सुविधाजनक विधिबाट नमूना छनोट गरिएको थियो ।

अध्ययनको क्रममा छनोटमा परेका विद्यालयका प्र.अ. संग असंरचित अर्न्तवार्ता आधारभूत तहमा अध्यापन गराउने दुवै विद्यालयका शिक्षक शिक्षिकाहरुसंग प्रश्नावली, विद्यालयमा कक्षा ३ मा अध्ययनरत विद्यार्थीहरुसंग लक्षित समूह छलफल र यी विद्यार्थीका अभिभावकसंग असंरचित अर्न्तवार्ता र दस्तावेजको माध्यमबाट आवश्यक सूचनाहरु संकलन गरिएको थियो । प्राप्त गरिएका सूचनाहरुलाई उद्धेश्यको आधारमा गुणात्मक तरिकाबाट निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ :-

## ४.१ शिक्षक- विद्यार्थी विवरण

यस अध्ययनका लागि छनोटमा परेका विद्यालयहरु श्री पिङ्गडाँडा प्रा.वि. र श्री सिंहदेवी प्रा.वि.को आधारभूत तहमा अध्यापन अध्ययन गर्ने शिक्षक तथा विद्यार्थीहरु बारे जानकारी प्राप्त गर्न दस्तावेज अध्ययन गरिएको थियो । यस अध्ययनका प्राप्तिहरुलाई निम्नानुसार सिलसिलेबार प्रस्तुत गरिएको छ :-

### ४.१.१ शिक्षक विवरण

पाठ्यक्रममा दिएका विषयवस्तु सम्बन्धि ज्ञान तथा सीपहरु विद्यार्थीहरुलाई आवश्यक मात्रामा प्रदान गर्नका लागि शिक्षक आफै उक्त विषयवस्तुमा पूर्ण हुनु पर्दछ । यसका साथै गुणात्मक शिक्षणको लागि शिक्षकहरु निरन्तर मूल्यांकनको लागि दक्ष हुनु अति आवश्यक हुन्छ । यस अध्ययनको लागि शिक्षकहरुको योग्यता तथा तालिम सम्बन्धमा समेत अध्ययन गरिएको थियो । अध्ययनबाट प्राप्त जानकारी निम्न तालिकामा प्रस्तुत गरिएको छ :-

तालिका नं. ४.१

शिक्षकहरुको विवरण

| शिक्षक संख्या | जम्मा | शैक्षिक योग्यता | | | तालिम | |
|---|---|---|---|---|---|---|
| | | एस्.एल्.सी | आइ.ए | बि.एड | प्राप्त | अप्राप्त |
| पुरुष | ७ | ६ | १ | – | ७ | – |
| महिला | ३ | – | २ | १ | ३ | – |
| जम्मा | १० | ६ | ३ | १ | १० | – |

स्रोत : स्थलगत सर्वेक्षण ,२०६९

माथिको तालिका अनुसार अध्ययन गरिएका दुवै विद्यालयहरुमा ५/५ जना शिक्षकहरु जम्मा दशजना रहेको पाइयो । सबै शिक्षकहरु सरकारी स्तरबाटै नियुक्ति भएको पाइयो । अध्ययन गरिएका विद्यालयहरुमा १/१ जना बाल शिक्षिकाहरु समेत रहेको पाइयो । यो अध्ययन आधारभूत तहमा उदार कक्षोन्नतिको अवस्थाको अध्ययनसंग सम्बन्धित भएकाले यी बाल शिक्षिकाहरुको विवरण समावेश गरिएको छैन । यस अध्ययनको प्राप्ति अनुसार विद्यालयमा अध्यापन गराउने शिक्षकहरु मध्ये शिक्षाशास्त्रबाट शिक्षा प्राप्त एक जना मात्र शिक्षिका पाइयो । बाँकी नौ जना शिक्षकहरुको शैक्षिक योग्यता एस्.एल्.सी. र आइ.ए. रहेको पाइयो । एक जना शिक्षिकाले बी.एड.गरेको र अरु सबै शिक्षकहरुले अन्य प्रकारका तालिम लिएको पाइयो ।

समग्रमा हेर्दा सबै शिक्षकहरुको योग्यता प्राथमिक तह कक्षा १ देखि ३ मा शिक्षण गर्नका लागि उपर्युक्त देखिन्छ । साथै सबै शिक्षकहरु तालिम प्राप्त भएकाले उपर्युक्त तरिकाले अध्यापन गराइ मूल्यांकन गर्न समेत सक्षम रहेको पाइयो ।

**निरन्तर मूल्यांकन सम्बन्धि तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको विवरण**

शिक्षाको क्षेत्रमा वा अन्य क्षेत्रमा नयाँ नीति, प्रविधिको सुरुवातसंगै सम्बन्धित पक्षहरुलाई आवश्यक तालिम, गोष्ठी, सेमिनार संञ्चालन गरी उनीहरुलाई नयाँ कार्यक्रमप्रति उत्प्रेरित गराउनु पर्दछ । निरन्तर मूल्यांकन र उदार कक्षोन्नति  शिक्षा क्षेत्रमा एक नयाँ अवधारणा भएकोले यस सम्बन्धमा सम्बन्धित शिक्षकहरुलाई तालिम दिन आवश्यक हुन्छ । यस सम्बन्धमा अध्ययन क्षेत्रका शिक्षकहरुले निरन्तर मूल्यांकन सम्बन्धि छुट्टै तालिम लिएको वा नलिएको भन्ने बारे प्रश्नावली र अर्न्तवार्ता मार्फत् सूचना संकलन गरिएको थियो । अध्ययन गरिएका विद्यालयहरुका शिक्षकहरुको निरन्तर विद्यार्थी मूल्यांकन सम्बन्धि तालिमको अवस्थालाई तालिकामा देखाइएको छ :-

तालिका नं. ४.२

निरन्तर मूल्यांकन सम्बन्धि तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको विवरण

| विद्यालयहरु | तालिम प्राप्त | अवधि | संञ्चालन | तालिम अप्राप्त |
|---|---|---|---|---|
| श्री पिङ्गडाँडा प्रा.वि. | १ | २ दिन | स्रोतकेन्द्र | ४ |
| श्री सिंहदेवी प्रा.वि. | ३ | ३ दिन | स्रोतकेन्द्र,जि.शि.का. | २ |
| जम्मा | ४ | | | ६ |

स्रोत : स्थलगत सर्वेक्षण ,२०६९

माथिको तालिकामा प्रस्तुत गरे अनुसार अध्ययन गरिएका विद्यालयहरुका शिक्षकहरुले निरन्तर मूल्यांकनसंग सम्बन्धित तालिमको अवस्थामा श्री पिङ्गडाँडा प्रा.वि. की एक जना शिक्षिकादेखि बाहेक अरु सबै शिक्षक शिक्षिकाहरुले यससंग सम्बन्धित तालिम नलिएको र लिने शिक्षिकाले स्रोतकेन्द्रबाट दुई दिन तालिम लिएको जानकारी प्राप्त भयो । यसैगरी अर्को विद्यालय श्री सिंहदेवी प्रा.वि.का तीनजना शिक्षकहरुले निरन्तर मूल्यांकन सम्बन्धि तालिम लिएको जसलाई स्रोतकेन्द्र र जि.शि.का. ले संञ्चालन गरेको र त्यसको अवधि तीन दिन र अरु दुईजना शिक्षक शिक्षिकाले यससंग सम्बन्धित कुनैपनि तालिम, गोष्ठी, सेमिनारमा सहभागिता नजनाएको तथ्य प्राप्त भयो । तालिमको सम्बन्धमा दुवै विद्यालयका प्र.अ. हरुसंग अर्न्तवार्ता लिदा श्री पिङ्गडाँडा प्रा.वि. का प्र.अ. ले कुनै पनि तालिममा शिक्षकहरुलाई सहभागी नगराएको जानकारी दिनुभयो । यस्तो किनभयो होला ? भन्ने प्रश्नमा उहाँले जिल्ला वा स्रोतकेन्द्रबाट कुनैपनि तालिम सम्बन्धमा जानकारी नआएको र पहिले एकपटक तालिमको जानकारी आएको र एकजना शिक्षकलाई त्यसमा सहभागी गराएको भए पनि उहाँबाट अरु शिक्षकहरुलाई सहयोग नभएको र आफै अनविज्ञ भएको साथसाथै उहाँ विद्यालयबाट नै अवकाश हुनुभएको जानकारी दिनुभयो । सोही विद्यालय की एक शिक्षिका जो तालिम प्राप्त हुनुहुन्छ उहाँ पनि अर्को विद्यालयबाट सरुवा भएर आउनु भएको र अर्को विद्यालयमा रहदै तालिममा सहभागी हुनु भएको पाइयो । श्री सिंहदेवी प्रा.वि.का प्र.अ.का अनुसार समय समयमा शिक्षकहरुलाई पालोपालो तालिममा सहभागी गराउने गरेको र आफुले पनि यससंग सम्बन्धित तालिम जि.शि.का.बाट तीन दिन लिएको बताउनुभयो ।

समष्टिगत रुपमा हेर्दा अध्ययन गरिएका विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्यांकन सम्बन्धि तालिम प्राप्त शिक्षकहरु भन्दा तालिम अप्राप्त शिक्षकहरुको संख्या बढि देखियो । यसबाट निरन्तर विद्यार्थी मूल्यांकन कार्यका साथै उदार कक्षोन्नति प्रक्रियामा समस्या उत्पन्न हुने देखिन्छ । तालिम लिने शिक्षकहरुको अवधि पनि कम भएकाले यसलाई पर्याप्त मान्न सकिदैन ।

### ४.१.२ विद्यार्थी विवरण

निरन्तर मूल्यांकन तथा उदार कक्षोन्नतिको एक प्रमुख पक्ष विद्यार्थीहरुको संख्या पनि हो । कक्षाकोठामा विद्यार्थी संख्या धेरै भएको खण्डमा निरन्तर मूल्यांकनको प्रभावकारी सम्पादन कठिन हुन्छ ।

यस उद्धेश्यले अध्ययन क्षेत्रका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको संख्याबारे पनि दस्तावेज अध्ययन गरिएको थियो । अध्ययन गरिएका विद्यालयहरुमा विद्यार्थीहरुको कक्षागत भर्ना संख्या निम्नानुसार रहेको पाइयो । जसलाई निम्न तालिकामा देखाइएको छ :-

तालिका नं. ४.३

विद्यार्थीहरुको कक्षागत भर्ना संख्या

| विद्यालय | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | बालकक्षा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| श्री पिङ्गडाँडा प्रा.वि. | ७ | ४ | ९ | ९ | ७ | ४ | ४० |
| श्री सिंहदेवी प्रा.वि. | १५ | १६ | १५ | १६ | ११ | १६ | ८९ |
| औसत | ११ | १० | १२ | १२.५ | ९ | १० | ६४.५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

अध्ययन गरिएका प्रा.वि. हरुमा जम्मा विद्यार्थी संख्या श्री पिङ्गडाँडा प्रा.वि.मा ४० जना र श्री सिंहदेवी प्रा.वि. मा ८९ जना रहेको पाइयो । यसरी प्राप्त तथ्यांक अनुसार शिक्षक विद्यार्थी अनुपात गणना गर्दा श्री पिङ्गडाँडा प्रा.वि.मा १:७ र श्री सिंहदेवी प्रा.वि.मा १:१५ विद्यार्थी पर्ने देखिन्छ । दुवै विद्यालयको जम्मा विद्यार्थीहरुको भर्नादरको आधारमा औसत भर्नादर ६४.५ देखिन्छ । दुवै विद्यालयको विद्यार्थी संख्या हेर्दा दुवै विद्यालयमा निरन्तर विद्यार्थी मूल्यांकन साथै उदार कक्षोन्नति प्रभावकारी रुपमा सञ्चालन गर्न सकिने अवस्था देखिन्छ ।

**विद्यार्थीको औसत उपस्थिति**

निरन्तर विद्यार्थी मूल्यांकनले विद्यार्थीको औसत उपस्थितिमा वृद्धि गराउने लक्ष्य राखेको छ । उदार कक्षोन्नतिका आधारहरुमा पनि एउटा विद्यालय खुलेको दिनको ७० प्रतिशत विद्यार्थी हाजिर भएको हुनुपर्ने छ । विद्यार्थीहरुको औसत उपस्थितिले पनि निन्तर विद्यार्थी मूल्यांकन तथा उदार कक्षोन्नतिमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अध्ययनको क्रममा विद्यालयको दस्तावेजको अध्ययन गरी वैशाख र जेठको औसत उपस्थिति निकालिएको थियो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :-

तालिका नं. ४.४

विद्यार्थीको औसत उपस्थिति

| विद्यालय | वैशाख (विद्यालय खुलेको दिन-४३) | | |
|---|---|---|---|
| | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| श्री पिङ्गडाँडा प्रा.वि. | २७ (६२.७९%) | २९ (६७.४४%) | ३१ (७२.०९%) |
| श्री सिंहदेवी प्रा.वि. | २३ (५३.४८%) | २४ (५५.८१%) | २९ (६७.४४%) |
| जम्मा औसत प्रतिशत | २५ (५८.१३५%) | २६.५ (६१.६२५%) | ३० (६९.७६५%) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

विद्यालयहरुमा विद्यार्थीहरुको वैशाख र जेठको औसत उपस्थिति दिन श्री पिङ्गडाँडा प्रा.वि. मा श्री सिंहदेवी प्रा.वि. को भन्दा बढि रहेको देखिन्छ । विद्यार्थीको औसत उपस्थिति अवस्थालाई प्रष्ट पार्न माथिको तालिकालाई अनुसूचि ९ मा देखाइएको छ । श्री पिङ्गडाँडा प्रा.वि. मा विद्यार्थीको उपस्थिति दिन बढि हुनुमा विद्यार्थीको संख्या कम हुनु र उपस्थित नहुने विद्यार्थीका अभिभावकहरुलाई फोन गरी अथवा खबर पठाइ विद्यार्थीलाई विद्यालय पठाइ दिन आग्रह गरेको जानकारी समेत प्राप्त भयो । दुवै विद्यालयहरुमा विद्यार्थीलाई नियमित विद्यालय उपस्थित गराउनको लागि उत्प्रेरणा स्वरुप दिवा खाजाको व्यवस्था विद्यालयमा नै गरेको पाइयो । सानो कक्षामा भन्दा ठूलो कक्षामा औसत उपस्थिति दिन बढि रहेको देखिन्छ ।

अध्ययन गरिएका विद्यालयहरुमा विद्यार्थीहरुको औषत उपस्थितिको स्वरुप हेर्दा सन्तोषजनक नरहेको पाइयो ।निरन्तर मूल्याङ्कनको लक्ष्य सबै विद्यार्थीहरुलाई नियमित विद्यालय उपस्थित गराउने रहेपनि अध्ययन गरिएका विद्यालयहरुमा विद्यार्थीहरुको थप उपस्थितिमा सुधार हुन सकेन ।

## ४.२ उदार कक्षोन्नतिका प्रावधानहरु

कुनै औपचारिक परिक्षा नलिइ विद्यार्थीको सिकाइ उपलब्धिको निरन्तर मूल्यांकन गरी कक्षा चढाउने नीति उदार कक्षोन्नति हो । शिक्षण सिकाइ क्रियाकलापसंगै विद्यार्थीहरुले हासिल गरेका सिकाइ उपलब्धिहरु मपन गरी अभिलेख राख्दै जाने र वर्षको अन्त्यमा सो अभिलेख न्यूनतम हाजिरी र अन्य क्रियाकलापमा भएको संलग्नताको आधारमा कक्षोन्नति गर्ने प्रक्रिया निरन्तर विद्यार्थी मूल्यांकन हो । यसले औपचारिक परिक्षालाई भन्दा अनौपचारिक मूल्यांकनलाई बढि जोड दिन्छ । यस विद्यालयमा उदार कक्षोन्नतिको प्रावधानहरु बारे अध्ययन गर्दा विद्यालय प्रशासनबाट निम्नानुसार प्रावधानहरु प्रयोग गरेको पाइयो ।

### ४.२.१ उदार कक्षोन्नतिको लागि अबलम्बन गरेका मूल्यांकन पद्धति

निरन्तर विद्यार्थी मूल्यांकन पद्धतिको मुख्य लक्ष्य विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नु हो । उदार कक्षोन्नतिको अर्थ विद्यार्थीलाई पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि पूरा नगराइ स्वतः कक्षा चढाउने भन्ने होइन विद्यार्थीको निरन्तर मूल्यांकन गरेर उनीहरुले नसिकेका कुरालाई ठम्याइ उनीहरुलाई थप सहयोग गरेको खण्डमा धेरैजसो विद्यार्थीले पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि आर्जन गर्दछन र उनीहरु फेल हुदैनन भन्ने रहेको छ ।

कक्षा १-३ सम्म पूर्णतः निरन्तर विद्यार्थी मूल्यांकनको अभिलेखका आधारमा कक्षोन्नतिको व्यवस्था लागू गरिने भएकाले उत्तीर्णाङ्क तोकिएको छैन । अधिकतम उपस्थिति भएको र न्यूनतम सिकाइउपलब्धि हासिल नगरेका विद्यार्थीका लागि पुनः सिक्ने अवसर दिनेगरी सम्बन्धित शिक्षक, अभिभावक र प्रधानाध्यापकको संयुक्त निर्णयबाट कक्षोन्नति गर्न सकिने प्रावधान निरन्तर विद्यार्थी

मूल्यांकन कार्यान्वयन पुस्तिका २०६८ ले गरेको छ । तर यस विद्यालयले १-३ को मूल्यांकनको लागि निम्नानुसार व्यवस्था गरेको पाइयो ।

**क) लिखित परीक्षा**

कक्षा १ देखि ३ सम्म मूल्यांकनको व्यवस्था अनुसार निरन्तर मूल्यांकन मात्र गरिने भएको भए पनि यस विद्यालयले लिखित परीक्षाको व्यवस्था पनि गरेको पाइयो । मूलतः निरन्तर मूल्यांकनमा लिखित परिक्षाको व्यवस्था नभएतापनि समाजले लिखित परिक्षालाई नै बढि मान्यता दिने, विद्यार्थीले पनि परीक्षा भनेपछि विशेष ध्यान दिने भएकोले यस विद्यालयको प्रावधान अनुसार लिखित परीक्षाको समेत व्यवस्था गरेको पाइयो । यस परीक्षाको अंक विभाजन निम्नानुसार रहेको पाइयो ।

तालिका नं. ४.५

विद्यालयले सञ्चालन गर्ने परिक्षाको किसिम

| परीक्षा | पूर्णाङ्क |
|---|---|
| त्रैमासिक | १०% |
| अर्धवार्षिक | ३०% |
| वार्षिक | ६०% |
| जम्मा | १००% |

स्रोत : स्थलगत सर्वेक्षण,२०६९

कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरुलाई दुवै विद्यालयमा तीन पटकसम्म परीक्षा लिने गरेको पाइयो जसमा प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक गरी क्रमशः १०%, ३०% र ६०% पूर्णाङ्कको परीक्षा लिने गरेको प्रश्नावलीको माध्यमबाट जानकारी प्राप्त भयो । परीक्षामा अनुत्तिर्ण हुने विद्यार्थीहरुलाई के को आधारमा कक्षा चढाउने व्यवस्था छ भनी सूचनाहरुको खोजी गर्दा श्री सिंहदेवी प्रा.वि. का तीनजना शिक्षकहरुले त्यस प्रश्नको जवाफ नभरेको पाइयो । एकजना शिक्षकले सामान्यतया निरन्तर मूल्यांकनका आधारमा मूल्यांकन गरिने हुदा अनुत्तिर्ण हुने सम्भावना कम हुन्छ । त्यसैले कक्षा उन्नति गर्न समस्या नहुने जानकारी प्राप्त भयो । प्रश्नावलीमा त्यस प्रश्नको उत्तर नभर्ने शिक्षकहरुलाई प्रश्नावली लिन जादा किन यो प्रश्नमा खाली ठाउँ छाड्नु भएको भनी प्रश्न राख्दा उहाँहरुले निरन्तर मूल्यांकन गर्दा विद्यार्थीहरु अनुत्तिर्ण हुदैनन भन्ने जवाफ दिनुभयो । यसैगरी श्री पिङ्गडाँडा प्रा.वि.का शिक्षकहरुबाट पनि परिक्षामा अनुत्तिर्ण विद्यार्थीहरुलाई उदार कक्षोन्नति गर्ने आधारहरुबाट कक्षा चढाउने जानकारी प्राप्त भयो ।

**ख) निरन्तर मूल्यांकन पद्धति**

सिकाइ प्रक्रिया संगसंगै चलिरहने विद्यार्थीको मूल्यांकनलाई निरन्तर विद्यार्थी मूल्यांकन भनिन्छ । विद्यालयमा विद्यार्थीहरुको मूल्यांकन कार्यमा लिखित परिक्षासंगै निरन्तर विद्यार्थी मूल्यांकन समेत अबलम्बन गरिएको पाइयो । बिच बिचमा उपलब्धि परीक्षा सञ्चालन गरिएपनि शैक्षिक सत्रको

अन्त्यमा निरन्तर विद्यार्थी मूल्यांकनबाट नै कक्षोन्नति गरिने प्रावधान रहेको पाइयो । यस अर्न्तगत निम्न अनुसार निरन्तर मूल्यांकनका आधारहरु प्रयोग गरी कक्षोन्नति गरिने गरेको पाइयो ।

i. **उपस्थिति** : विद्यार्थीको उपस्थिति निरन्तर मूल्यांकनको एक महत्वपूर्ण आधारको रुपमा लिइएको छ । उदार कक्षोन्नतिमा पनि विद्यार्थी कम्तिमा ७० प्रतिशत हाजिर हुनुपर्ने प्रावधान रहेको छ । विद्यालयहरुमा विद्यार्थीको उपस्थितिलाई रेकर्ड राखी मूल्यांकनमा प्रयोग गर्ने गरेको पाइयो ।

ii. **कक्षाकार्य / गृहकार्य** : कक्षाकार्य, गृहकार्यलाई पनि मूल्यांकनको आधारको रुपमा लिइएको पाइयो । विद्यालयहरुमा विद्यार्थीहरुलाई नियमित कक्षाकार्य ,गृहकार्य दिइने गरेको र जाँच पनि गर्ने गरेको पाइयो । तर दैनिक रुपमा यिनीहरुको रेकर्ड नगरेको पाइयो ।

iii. **सिर्जनात्मक कार्य** : विद्यालयले विद्यार्थीहरुको अर्न्तनिहित प्रतिभालाई प्रस्फुटन गराउन समय समयमा सिर्जनात्मक कार्य गराउने गरेको जानकारी प्राप्त भयो । जसमा नृत्य ,गायन र चित्रकलालाई समावेश गरी विद्यार्थीहरुको कार्यको रेकर्ड राख्ने गरेको पाइयो । सिर्जनात्मक कार्यलाई पनि मूल्यांकनको आधारको रुपमा लिइएको पाइयो ।

iv. **कार्यसञ्चयिकाको प्रयोग** : विद्यालयले कार्यसञ्चयिकाको रुपमा सामान्य फायल निर्माण गरी प्रयोग गरिएको पाइयो ।

माथि उल्लेखित आधारहरुलाई प्रयोगमा ल्याइए पनि परियोजना कार्य र व्यवहार परिवर्तनलाई न्यून रुपमा प्रयोग गरिएको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने उदार कक्षोन्नति गराउनका लागि आवश्यक सबै आधारहरुको प्रयोग नगरी नै मूल्यांकन गराउने गरेको पाइयो ।

### ४.२.२ विद्यालयले प्रयोग गरेका मापदण्डहरु

उदार कक्षोन्नतिका मापदण्डको बारेमा सूचना संकलन गर्दा दुवै विद्यालयहरुमा पाठगत आधारमा विद्यार्थीहरुको मूल्यांकन राख्ने गरेको पाइयो । निरन्तर विद्यार्थी मूल्यांकन कार्यान्वयन निर्देशिकाले विद्यार्थीको प्रगति अभिलेख पाठगत आधारमा विद्यार्थीले कक्षामा सिकेका कुराहरुलाई मापदण्डका आधारमा एकदेखि तीनवटा सम्म रेजा (√) चिन्ह लगाउने जसमा अतिउत्तम सिकेकालाई तीनवटा रेजा, उत्तम सिकेकालाई दुईवटा रेजा र सामान्य सिकेकालाई एउटा रेजा दिने भनी उल्लेख गरेको छ । विद्यालयहरुमा निर्देशिका अनुरुप नै विद्यार्थीको अभिलेख राख्न रेजाको सट्टा अंकको प्रयोग गरी हरेक त्रैमासिमा ७० प्रतिशत देखि १०० सम्म ‘क’ श्रेणी, ४० प्रतिशत देखि ६९ प्रतिशत सम्म ‘ख’ श्रेणी र ४० प्रतिशत भन्दा तल ‘ग’ श्रेणीमा छुट्याउने व्यवस्था गरेको छ । विद्यालयले प्रयोग गरेको मापदण्ड निर्देशिका अनुरुप नै देखिन्छ ।

### ४.३ उदार कक्षोन्नतिका प्रक्रियाहरु

निरन्तर विद्यार्थी मूल्यांकन पद्धतिको मुख्य लक्ष्य विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नु हो । यसको प्रमुख उद्धेश्य विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा आवश्यकता अनुसार निरन्तर सिकाइ अवसर प्रदान गरी विद्यार्थीहरुको सिकाइस्तरमा सुधार गर्नु हो । उदार कक्षोन्नतिका प्रक्रियामा पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धिलाई नै आधार मानी शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्यांकन गर्नु पर्दछ । निरन्तर विद्यार्थी मूल्यांकन प्रक्रियामा पठनपाठनको सुरुमा संगसंगै तथा अन्त्यमा मूल्यांकन गरी विद्यार्थीको सिकाइस्तर पत्ता लगाइ तोकिएको सिकाइ उपलब्धि हासिल गर्न नसकेका विद्यार्थीहरुका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रुपमा विशेष ध्यान दिइ सिक्न प्रोत्साहन गर्नुपर्दछ ।

#### ४.३.१ मूल्यांकन पद्धतिको प्रयोग

उदार कक्षोन्नति गराउने मूल्यांकन पद्धतिमा तोकिएको सिकाइ उपलब्धि हासल गर्न नसकेका विद्यार्थीलाई व्यक्तिगत सिकाइको अवसर दिई अरु विद्यार्थी सरह बनाउने प्रयास गर्नु पर्दछ । साथै तोकिएको सिकाइ उपलब्धि हासिल गरिसकेपछि विद्यार्थीलाई थप सिकाइ क्रियाकलापका अवसर दिने र अर्को सिकाइ उपलब्धि हासिल गर्न सहजीकरण गर्नुपर्दछ । निरन्तर विद्यार्थी मूल्यांकनमा शिक्षण सिकाइका क्रममा विद्यार्थीको आवश्यकतानुसार शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याइ उनीहरुको क्षमता अनुसार सिकाइ अभिवृद्धि गराउनु पर्दछ । विद्यार्थीहरुको सिकाइ स्तर हेरी सहपाठीहरुको समूह बनाइ वा एक्लै सिक्ने वातावरण बनाइ सिक्ने अवसर दिनु पर्दछ । निरन्तर रुपमा विद्यार्थी मूल्यांकन गरी सम्भव भएसम्म मूल्यांकन अभिलेख प्रत्येक घण्टीमा, पाठको अन्त्यमा र पहिलो त्रैमासिक, दोस्रो त्रैमासिक तथा सत्रको अन्तसम्म मूल्यांकन साथै विद्यार्थीको पूर्व उपलब्धि क्षमता तथा रुचिलाई विचार गरेर लिखित तथा मौखिक परिक्षा, जीवनोपयोगी तथा व्यवसायिक सीप अवलोकन, कक्षाकार्य, समूहकार्य, परियोजना कार्य, विद्यार्थीले तयार गरेको सामग्री, प्रश्नोत्तर आदिबाट विद्यार्थीहरुको उपलब्धिको लेखाजोखा गरिनुपर्ने प्रत्येक महिना विद्यार्थीको प्रगतिको प्रतिवेदन अभिभावकलाई जानकारी र पृष्ठपोषणका लागि पठाउने व्यवस्था साथै विविध पठनपाठन, विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा अभिभावकसंग आवश्यकतानुसार अर्न्तक्रिया गरिनु पर्दछ भनी निरन्तर विद्यार्थी मूल्यांकन कार्यान्वयन पुस्तिकाले तोकेको छ ।

विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्यांकनमा अभिलेख फारम, विद्यार्थी प्रगति विवरण, विद्यार्थीको व्यक्तिगत फाइल आदि राखी नियमित रुपमा विद्यार्थीका विवरणहरु राखिनु पर्ने भएपनि विद्यालयहरुमा सामान्य फाइल तयार गरी त्यसकै आधारमा मात्र मूल्यांकन गरेको पाइयो । माथि उल्लेखित विभिन्न साधनहरुको प्रयोग गरी विद्यार्थीहरुबाट यथार्थ सूचना संकलन गरेर कमजोर विद्यार्थीलाई पुनः सिकाइ क्रियाकलाप सञ्चालन गरेर सक्षम विद्यार्थीहरुलाई अझ अगाडी बढन थप पथप्रर्दशन गरेर गर्न सकिने भएपनि अध्ययन गरिएका विद्यालयहरुमा कमजोर विद्यार्थीलाई पुनः सिकाइ क्रियाकलाप नगराएको पाइयो । उदार कक्षोन्नतिमा एक शैक्षिक वर्षमा सिक्न नसकेका कुरा अर्को

कक्षामा सिकाउनुपर्ने भएपनि विद्यालयहरुमा त्यसो नगरी सबै विद्यार्थीहरुलाई संगै राखी शिक्षण गर्ने गरेको पाइयो ।

यस सम्बन्धमा अभिभावकहरुसंग आफ्ना बालबालिकाहरुको मूल्यांकन बारे जिज्ञासा राख्दा चारजना अभिभावकहरुले मात्र आफ्ना छोराछोरीको मूल्यांकन निरन्तर विद्यार्थी मूल्यांकनबाट हुने गरेको जानकारी भएको र बाँकी छ जना अभिभावकहरुले परिक्षालाई नै आधार बनाएर पास र फेलको आधारमा मूल्यांकन हुने बताए । प्रत्येक महिनामा होइन परिक्षा पश्चात परिक्षाको परिणामको नतिजामा सबै अभिभावकहरुलाई विद्यालयबाट खबर पठाउने तर कामले गर्दा नभ्याएर विद्यालयमा उपस्थित हुन नसकेको गुनासो चारजना अभिभावकले गनुभयो । बाँकी छ जना अभिभावक कहिले काँही विद्यालयमा जाने गरेको बताउनुभयो ।

विद्यालयहरुमा कक्षा १-३ सम्म निरन्तर विद्यार्थी मूल्यांकनका साथै उदार कक्षोन्नति गर्ने गरेको पाइयो । यसका अलवा विद्यार्थीहरुलाई तीन पटक परिक्षा पनि सञ्चालन गर्ने गरेको पाइयो । परिक्षा सञ्चालन गरी नतिजा पनि प्रकाशित गर्ने गरेको पाइयो तर शैक्षिक सत्रको अन्त्यमा परिक्षाको नतिजालाई आधार नमानी निरन्तर विद्यार्थी मूल्यांकन साथै उदार कक्षोन्नतिको आधारमा कक्षा चढाउने गरेको पाइयो ।

### ४.३.२ मापदण्डको प्रयोग

उदार कक्षोन्नति गराउदा निरन्तर विद्यार्थी मूल्यांकनलाई आधार बनाइ गरिने भएकोले यसमा विद्यालयहरुले विद्यार्थीहरुको प्रगति अभिलेख राख्न अध्ययन गरिएका विद्यालयहरुमा पाठगत निरन्तर विद्यार्थी मूल्यांकन फारमको प्रयोग गरेको पाइयो । यसमा पाठ्यक्रमले तोके अनुरुपका मापदण्डहरुलाई समावेश गरिएको पाइयो । दुवै विद्यालयमा रेजा प्रणाली झन्झटिलो भएको कारण रेजाको सट्टा अंकको प्रयोग गर्ने गरेको पाइयो । पाठगत रेजा प्रतिशत निकाल्न निम्न सूत्रको प्रयोग गर्ने गरेको पाइयो ।

$$\text{रेजा प्रतिशत} = \frac{\text{विद्यार्थीले पाएको जम्मा रेजा}}{\text{जम्मा पढाइ भएका पाठ संख्या} \times ३ \times ५} \times १००$$

माथिको सूत्रको प्रयोग गरेर उपलब्धि प्रतिशत निकाली विद्यार्थीहरुलाई क, ख र ग श्रेणीमा विभाजन गर्ने गरेको पाइयो । मापदण्डमा कक्षाकार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरीलाई आधार बनाएर रेजा भर्ने भएपनि परियोजना कार्य र व्यवहार परिवर्तन कार्यको बारेमा त्यति रेकर्ड नगरेको पाइयो । अन्य मापदण्डहरु कक्षाकार्य, हाजिरी र सृजनात्मक कार्य सञ्चालन गरी अभिलेख राख्ने गरेको पाइयो ।

अध्ययन गरिएको विद्यालयमा पाठ्यक्रमले तोकेका मापदण्डहरु सबै समावेश गरिएतापनि सम्पूर्णमा मापदण्डहरुको नियमित रेकर्ड नराखिएको पाइयो ।

### ४.३.३ कार्यसञ्चयिकाको प्रयोग

विद्यार्थीको प्रगति अभिलेख राख्न हरेक कक्षाको विषयगत फायल राखिनुको साथै अतिरिक्त प्रत्येक विद्यार्थीको छुट्टाछुट्टै व्यक्तिगत फायल निर्माण गर्नुलाई कार्यसञ्चयिका भनिन्छ । कार्यसञ्चयिकामा विद्यार्थीहरुले समूहकार्य गरीरहेको चित्र, विद्यार्थीका राम्रा कार्यहरु, परिक्षणका उपलब्धिहरु शिक्षकका टिप्पणीहरु, विद्यार्थीका सामाजिक, आर्थिक र पारिवारिक विवरण, अतिरिक्त क्रियाकलापको विवरण, अभिभावकबाट लिएका सुझावहरु आदिलाई समेटी कार्यसञ्चयिका निर्माण गरी प्रयोग गरिनुपर्ने पाठ्यक्रम निर्देशिकाले उल्लेख गरेको छ ।

यस अध्ययनमा प्राप्त जानकारी अनुसार विद्यालयहरुमा कार्यसञ्चयिका निर्माण गर्दा पाठ्यक्रममा उल्लेख भएका सबै पक्षहरुलाई समेट्न सकेको पाइएन । कार्यसञ्चयिकाको प्रयोग दुवै विद्यालयका सम्पूर्ण शिक्षकहरुले गर्ने जनाए पनि कार्यसञ्चयिकाको अध्ययन गर्दा श्री सिंहदेवी प्रा.वि. मा विद्यार्थीको फोटो, पारिवारिक विवरण कक्षा, सृजनात्मक कार्यको विवरण साथै सामान्य रुपमा विद्यार्थीको विवरण समावेश गरी सामान्य फायल निर्माण गर्ने गरेको पाइयो । श्री पिङ्गडाँडा प्रा.वि. मा कार्यसञ्चयिका फाराम कसरी निर्माण गर्ने निर्माणमा कठिनाइ भएको जानकारी प्राप्त भयो । कार्यसञ्चयिका फाराम उपलब्ध नभएको ढिला उपलब्ध भएको त्यसलाई भर्ने जानकारी नभएर त्यतिकै थन्काएर राखेको र कार्यसञ्चयिकाको लागि सामान्य फायल तयार गरेको जानकारी पाइयो ।

यसबाट के बुझ्न सकिन्छ भने शिक्षकहरु नै यस प्रक्रियामा पूर्ण रुपमा जानकार नरहेको साथै कार्यसञ्चयिकाको सही मूल्यांकन नगर्दा विद्यार्थीहरुको वास्तविक व्यवहारको मूल्यांकन गर्न नसकिने देखिन्छ ।

### ४.३.४ मूल्यांकनमा पृष्ठपोषणको अवस्था

निरन्तर विद्यार्थी मूल्यांकन तथा उदार कक्षोन्नतिलाई विद्यार्थीहरु समक्ष उपलब्धिमूलक रुपमा सञ्चालन गर्न शिक्षकहरुको सक्रियताको आवश्यकता पर्दछ । बालबालिकाको बाल मनोविज्ञान बुझी शिक्षण कार्य सञ्चालन गर्नुपर्दछ । प्रत्येक विद्यार्थीलाई नियमित रुपमा कक्षाकार्य, गृहकार्य, पृष्ठपोषण प्रदान गर्नुपर्दछ । विद्यार्थीको सिकाइ स्तरका बारेमा विद्यार्थीलाई जानकारी गराउने र अगाडी बढन समेत मद्धत गर्ने प्रक्रिया नै पृष्ठपोषण हो जसले मूल्यांकनका लागि आवश्यक सूचना प्रदान गर्दछ । अध्ययन गरिएका विद्यालयका सम्पूर्ण शिक्षकहरुले नियमित रुपमा कक्षाकार्य, गृहकार्य र पृष्ठपोषण दिने गरेको प्रश्नावलीको माध्यमबाट जानकारी प्राप्त भयो । कक्षा ३ मा अध्ययनरत श्री पिङ्गडाँडा प्रा.वि.का छ जना र श्री सिंहदेवी प्रा.वि.का १० जना विद्यार्थीसंग छलफल गर्दा विद्यालयका सबै विद्यार्थीहरुले सबै शिक्षक शिक्षिकाहरुले नियमित कक्षाकार्य, गृहकार्य दिने गरेको र जाँच पनि गर्ने गरेको बताए । नियमित रुपमा गृहकार्य नगर्ने, कक्षाकार्यमा असमर्थ विद्यार्थीहरुलाई शिक्षकहरुले पृष्ठपोषण दिने बताए पनि विद्यार्थीहरुले नकारात्मक धारणा प्रस्तुत गरे । श्री पिङ्गडाँडा प्रा.वि.का बालबालिकाहरुसंग छलफल गर्दा उनीहरुले कक्षाकार्य, गृहकार्य नगर्दा शिक्षकहरुले उठ बस गर्न लगाउने, पिट्ने, कान समाउन लगाउने

आदि दण्डनीय क्रियाकलाप गरेको बताए । श्री सिंहदेवी प्रा.वि.का विद्यार्थीहरुले पनि शिक्षकहरुले दण्ड दिने गरेको बताए । यसैगरी विद्यार्थीहरुलाई नियमित गृहकार्य दिने नदिने जाँच गरिने नगरिने बारे अभिभावकहरुसंग सूचना संकलन गर्दा छ जना अभिभावकहरुले आफूले कहिल्यै पनि उनीहरुको गृहकार्य छ छैन जाँच नगर्ने गरेको र आफ्ना बालबालिकाहरुलाई विद्यालयबाट आएपछि पढ, गृहकार्य गर भन्ने गरेको बताउनु भयो । अरु चार जना अभिभावकहरुका अनुसार शिक्षकहरुले  गृहकार्य प्रायजसो दिने गरेको र गृहकार्य जाँच गर्ने गरेको बताउनुभयो ।

कमजोर विद्यार्थीहरुलाई नियमित पृष्ठपोषण दिन आवश्यक हुन्छ । दण्डले विद्यार्थीलाई सिक्न प्रेरित गर्ने नभइ उनीहरुलाई नकारात्मक कार्यप्रति ध्यानकेन्द्रित हुने हुदा विद्यार्थीहरुलाई बालमैत्री वातावरणमा सहज तरिकाबाट सिक्न उत्साहित गर्न आवश्यक छ ।

### ४.४ उदार कक्षोन्नतिका सबल र दुर्बल पक्षहरु

उदार कक्षोन्नति कार्यान्वयनको अवस्थाको विषयमा अध्ययन गर्दा यसका सबल र दुर्बल पक्षहरुको पनि खोजी गरिएको थियो । हरेक नीति कार्यक्रम विद्यालय, प्र.अ., शिक्षक शिक्षिका, विद्यार्थी ,अभिभावकहरुका लागि उपर्युत्त मानेर अबलम्बन गरिएपनि तिनीहरु कार्यान्वयन हुँदा त्यसका सबल र दुर्बल पक्षहरु देखा पर्दछन । यसरी नै छनोट गरिएका विद्यालयहरुका प्र.अ.संग अर्न्तवार्ता र शिक्षकहरुसंग प्रश्नावलीको माध्यमबाट सूचना संकलन गरिएको थियो । यी जानकारीहरुलाई निम्नानुसारका शीर्षकमा प्रस्तुत गरिएको छ ।

#### ४.४.१ उदार कक्षोन्नति प्रति शिक्षकहरुको धारणा

छनोटमा परेका विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्यांकनका साथै उदार कक्षोन्नति अवलम्बन गरिएको पाइयो । उदार कक्षोन्नति प्रतिको धारणा बारेमा प्र.अ.हरुसंग सूचना संकलन गर्दा श्री पिङ्गडाँडा प्रा.वि.का प्र.अ.ले यसबारे आफ्ना धारणा नकारात्मक रहेको बताउनुभयो । उहाँले भन्नुभयो मेरो विचारमा उदार कक्षोन्नति गर्नु राम्रो होइन । किनकी यसमा सबै विद्यार्थीहरुलाई पास गराउनु पर्दछ । कतिपय विद्यार्थीले त नाम सम्म राम्रोसंग लेख्न जान्दैनन उनीहरुले आधारभूत तह पास गरिसकेका हुन्छन । यसैगरी श्री सिंहदेवी प्रा.वि.का प्र.अ.ले उदार कक्षोन्नति ठिक लाग्ने बताउनुभयो । किनकी सबै विद्यार्थीहरुले समान रुपमा माथिल्लो कक्षामा अध्ययन गर्न सक्दछन विद्यार्थीहरुलाई हिनतावोध हुदैन भन्ने विचार व्यक्त गर्नुभयो । यसगरी शिक्षकहरुको विचार विश्लेषण गर्दा श्री पिङ्गडाँडा प्रा.वि.का ३ जनाले मध्यम धारणा व्यक्त गर्नु भएको र एकजना शिक्षकले आफूलाई यो ठिक नलाग्ने जानकारी प्राप्त भयो । किनकी उदार कक्षोन्नतिबाट गुणस्तरीय शिक्षा प्रदान गर्न नसकिने विद्यार्थीहरु माथिल्लो कक्षामा अध्ययन गर्न नसक्ने कारणले गर्दा उदार कक्षोन्नति प्रक्रिया त्यति उपर्युक्त नरहेको पाइयो । यसरी नै श्री सिंहदेवी प्रा.वि.का शिक्षकहरुबाट उदार कक्षोन्नति गर्न सबैले मध्यम विचार प्रश्नावलीको माध्मबाट व्यक्त गरेको पाइयो किनकी यसमा पढाइ र लेखाइमा मात्र केन्द्रित नभइ अन्य

क्रियाकलाप पनि हेर्ने गरेको, सबै पक्षहरुको मूल्यांकन हुने र सबै पक्षहरुको विकास हुने, कक्षामा निरन्तर रुपमा उपस्थिति भएपनि पढाइको स्तर सबैको एकै खालको नरहेको जानकारी भयो । यसैगरी अभिभावकहरुलाई अहिले विद्यालयमा परिक्षा नलिइ वा वार्षिक परिक्षामा अनुत्तिर्ण विद्यार्थीहरुलाई पनि कक्षा उत्तीर्ण गराइन्छ । यसप्रति उहाँहरुको विचार बुझ्दा यसलाई राम्रो मान्ने अभिभावकहरु ७ जना र ३ जना अभिभावकहरुले मात्र यो राम्रो होइन भन्ने विचार व्यक्त गरे । यसरी शिक्षक तथा प्रधानाध्यापकहरुले उदार कक्षोन्नति सम्बन्धि दिएको धारणालाई आधार मानी यसका सबल र दुर्वल पक्षहरुलाई निम्नानुसार सूचीकृत गरिएको छ ।

### ४.४.२ उदार कक्षोन्नतिका सबल पक्षहरु

उदार कक्षोन्नतिका सबल पक्षहरुको खोजी गर्दा प्र.अ. तथा शिक्षकहरुबाट प्राप्त भएका सबल पक्षहरु निम्नानुसार छन :-

- विद्यार्थीहरु परीक्षामा फेल नहुने ।
- विद्यार्थी साथै अभिभावकहरु खुशी हुने ।
- शिक्षक विद्यार्थी बिचको सम्बन्ध सुमधुर बन्ने ।
- शिक्षामा गरिएको लगानी खेर नजाने ।
- विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत बढने ।
- कक्षामा रमाइलो वातावरण हुने भएकाले विद्यार्थी उपस्थिति नियमित हुने ।
- विद्यार्थीहरुमा अर्न्तनिहित प्रतिभाको प्रस्फुटन हुने ।
- पुनः सोही कक्षामा दोहोर्‍याउने समस्या हल हुने ।
- सिर्जनात्मक सीपको विकास हुने ।
- कक्षा व्यवस्थापन देखि लिएर शिक्षक साथै विद्यार्थीहरुमा स्फूर्ती पैदा हुने ।
- विद्यार्थीहरुलाई परीक्षाको अनुभूति नहुने डर,त्रासबाट भयरहित हुने ।
- विद्यार्थीहरुमा चोरी गर्ने सम्भावना कम हुन्छ ।
- विद्यार्थीहरुले सहज तरिकाबाट सिक्ने अवसर प्राप्त हुने ।

### ४.४.३ उदार कक्षोन्नतिका दुर्बल पक्षहरु

विद्यालय शिक्षामा निरन्तर विद्यार्थी मूल्यांकनको सुरुवात यसका उपयोगिताहरु ,सबल पक्षहरु धेरै हुने विश्वासका साथ पूर्व परिक्षण गरी लागू गरिएपनि यसका दुर्बल पक्षहरुको खोजी गर्दा शिक्षक तथा प्र.अ. बाट यसका दुर्बल पक्षहरु निम्न अनुसार पाइयो ।

- परीक्षामा फेल होइन्छ भन्ने डर नहुने ।
- पढाइमा ध्यान नजाने ।

- खेल र अतिरिक्त क्रियाकलापमा बढि ध्यान दिनु ।
- विद्यालयमा कम उपस्थिति भएपनि पास भइन्छ भन्ने धारणा बस्ने ।
- अभिभावकलाई यसको महत्व नहुनु ।
- गुणात्मक शिक्षा प्राप्त नहुने ।
- प्रतिस्पर्धाको भावना नहुने ।
- विद्यार्थीहरुले अध्ययन नगर्ने ।
- शिक्षाको गुणस्तरमा ह्रास आउने ।
- लक्षित उद्धेश्य प्राप्त गर्न नसकिने ।
- विद्यार्थीको भविष्य अन्योलमा पर्न सक्ने खतरा सिर्जना हुने ।
- विद्यार्थीले पाठ्यपुस्तक विषयवस्तु माथि पटक्कै चासो नराख्ने ।

विद्यालयका शिक्षकहरुलाई निरन्तर विद्यार्थी मूल्यांकन तथा उदार कक्षोन्नतिका सबल र दुर्बल पक्षहरुको जानकारी भएपनि यसका सबल पक्षहरु अँगाली अघि बढनुपर्ने तर यसलाई झन्झटको रुपमा हेरिने गरेको पाइयो ।

## ४.५ उदार कक्षोन्नति कार्यान्वयनमा ल्याउदाका समस्याहरु र समाधानका उपायहरु

उदार कक्षोन्नति कार्यान्वयनमा ल्याउदाका समस्या र समाधानका उपायहरु पहिल्याउन छनोटमा परेका दुवै विद्यालयहरुका प्र.अ. हरुसंग अर्न्तवार्ता र शिक्षक शिक्षिकाहरुसंग प्रश्नावलीको माध्यम प्रयोग गरी सूचनाहरु संकलन गरिएको थियो । यी जानकारीहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.५.१ उदार कक्षोन्नति कार्यान्वयनका समस्याहरु

उदार कक्षोन्नतिका समस्याहरु शिक्षक, शिक्षिका, प्र.अ.हरुले औल्याएका समस्याहरु समग्रमा निम्न छन :-

- वर्षभरि निरन्तर मूल्यांकन गरिरहनुपर्ने हुदा झन्झटिलो ।
- सबै मापदण्डहरु नियमित रुपमा हेर्न गाह्रो हुने ।
- विद्यार्थीहरुमा परिक्षा हुदैन भनी पढाइमा ध्यान नदिने ।
- अभिभावकहरुको हेलचेक्रयाइ हुनु ।
- अभिभावकले शिक्षकहरुलाई दोष लगाउने ।
- अभिभावकमा पनि हतोत्साही आउने ।

- तालिम ,निर्देशन जस्ता पूर्व तयारी बिना नै यो मूल्यांकन लागू गरिनु ।
- विद्यार्थीहरुमा प्रतिस्पर्धात्मक भावना नरहनु ।
- स्तरीय शिक्षा प्राप्त नहुने ।
- शिक्षकहरु नै यसबारे स्पष्ट हुन नसक्नु ।
- शिक्षकहरुले कुनै पनि तालिम प्रशिक्षण नपाएर यसलाई कार्यान्वियन गर्न गाह्रो हुनु ।
- मूल्यांकन प्रणाली अनुसारको सिकाइका लागि शैक्षिक सामग्री उपलब्ध हुन नसक्नु ।
- यससंग सम्बन्धित फारमहरु विद्यालयमा उपलब्ध नहुनु ।
- मूल्यांकन प्रक्रिया झन्झटिलो र प्रयोगमा कठिनाइ हुनु ।
- विद्यालयको आर्थिक पक्ष कमजोर हुनु ।

**४.५.२ उदार कक्षोन्नति कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानका उपायहरु**

निरन्तर विद्यार्थी मूल्यांकन र उदार कक्षोन्नति कार्यान्वयनमा विविध समस्याहरु देखिए । अध्ययन गरिएका विद्यालयका प्र.अ., शिक्षक शिक्षिकाहरु संग अर्न्तवार्ता र प्रश्नावली मार्फत उल्लेख भएका समस्या समाधानमा अपनाउन सकिने उपायहरु तल प्रस्तुत गरिएको छ :-

- शैक्षिक सत्रको सुरुमै सबै शिक्षकहरुलाई तालिम दिनुपर्ने ।
- राज्यले स्पष्ट शिक्षा नीति तय गरेर त्यस सम्बन्धि छर्लङ्ग हुनेगरी शिक्षकहरुलाई सक्षम बनाउनु पर्ने ।
- अभिभावकहरुलाई पनि जनचेतना जगाउनु पर्ने ।
- विद्यार्थीहरुलाई निरन्तर मूल्यांकन कै आधारमा पढाइ, लेखाइ सबै कार्यहरुमा तिमीहरुको परिक्षा भइरहन्छ भनी जानकारी गराउनुपर्दछ । सधै परिक्षा हुन्छ भनी विद्यार्थीहरुलाई जानकारी गराउने ।
- पाठयोजना बनाइ प्रत्येक पाठको अन्त्यमा नियमित मूल्यांकन गर्ने बानी बसाउने ।
- शिक्षकहरुमा दायित्वप्रति सजग गराउनु पर्ने ।
- शिक्षकहरुलाई सक्रिय बनाउनु पर्ने ।
- प्र.अ.,वि.नि., श्रोत व्यक्तिले नियमित सुपरिवेक्षण गरी यो मूल्यांकनमा शिक्षकका समस्याहरु समाधानका लागि सहजीकरण गर्नुपर्ने ।
- शिक्षण कार्यमा बालकेन्द्रित विधिहरुको प्रयोग गरी विद्यार्थीहरुलाई नै सक्रिय बनाइ अध्यापन गराउनु पर्ने ।

माथि उल्लेखित उपायहरु अपनाउन सके निरन्तर विद्यार्थी मूल्यांकनका साथै उदार कक्षोन्नति प्रभावकारी रुपमा कार्यान्वयन हुने देखिन्छ ।

## परिच्छेद पाँच
## प्राप्ति , निष्कर्ष र सुझावहरु

यस परिच्छेदमा "आधारभूत तहमा उदार कक्षोन्नति कार्यान्वयनको अवस्था" शीर्षक अध्ययन गर्नको लागि झापा जिल्ला लखनपुर गा.वि.स. मा पर्ने श्री पिङ्गडाँडा प्रा.वि. र श्री सिंहदेवी प्रा.वि.मा गई विद्यालयहरुका प्र.अ., शिक्षक शिक्षिका, विद्यार्थी र अभिभावकसंग अर्न्तवार्ता, प्रश्नावली, लक्षित समूह छलफल, दस्तावेज अध्ययन गरी प्राप्त गरिएका सूचनाहरुलाई गुणात्मक विधिको माध्यमबाट विश्लेषण र व्याख्या गरिएको छ ।

### ५.१ प्राप्ति

अध्ययन क्षेत्रमा "उदार कक्षोन्नति कार्यान्वयनको अवस्था" शीर्षकमा आधारित रहेर खोज गर्दा पाइएका प्राप्तिहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

- अध्ययन गरिएका विद्यालयहरु मध्ये श्री सिंहदेवी प्रा.वि.मा उदार कक्षोन्नति वि.सं. २०६४ सालबाट र श्री पिङ्गडाँडा प्रा.वि. मा वि.सं.२०६७ सालबाट लागू गरिएको पाइयो ।
- उदार कक्षोन्नति निरन्तर विद्यार्थी मूल्यांकनलाई आधार मानी गर्ने गरेको पाइयो ।
- श्री पिङ्गडाँडा प्रा.वि. मा जम्मा विद्यार्थी संख्या ४० र श्री सिंहदेवी प्रा.वि.मा जम्मा ८९ विद्यार्थी संख्या रहेको पाइयो ।
- अध्ययन गरिएका विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात १:७ र १:१५ रहेको पाइयो ।
- निरन्तर मूल्यांकन सम्बन्धि तालिम प्राप्त भन्दा तालिम अप्राप्त शिक्षकहरु बढि रहेको पाइयो।
- अध्ययन गरिएको विद्यालयहरुमा विद्यार्थीहरुको औसत उपस्थिति कम रहेको पाइयो ।
- निरन्तर विद्यार्थी मूल्यांकनसंगै लिखित परिक्षा पनि सञ्चालन गर्ने गरेको पाइयो ।
- उदार कक्षोन्नति गराउनुमा शिक्षक, प्र.अ., अभिभावकहरुको मिश्रित प्रतिक्रिया पाइयो ।
- विद्यार्थीहरुको मूल्यांकन कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, व्यवहारिक परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी यिनै पाँचवटा मापदण्डको आधारमा गरिने गरेको पाइयो ।
- मूल्यांकन कार्यमा कार्यसञ्चयिकाको राम्ररी प्रयोग नभएको पाइयो ।
- पाठ्यक्रमले तोकेको मापदण्ड अनुसार नै विद्यार्थीहरुको उपलब्धिलाई 'क', 'ख', 'ग' श्रेणीमा विभाजन गर्ने गरेको पाइयो । निरन्तर विद्यार्थी मूल्यांकनमा रेजा प्रणालीको प्रयोग झन्झटिलो भएकाले रेजाको सट्टा अंकको प्रयोग गर्ने गरेको पाइयो ।
- अध्ययनका क्रममा उदार कक्षोन्नतिका सबल र दुर्बल पक्षहरुको बारेमा विद्यालयका प्र.अ. र शिक्षक शिक्षिकाहरुबाट सूचना संकलन गर्दा उदार कक्षोन्नतिका सबल पक्षहरुमा विद्यार्थीहरु परीक्षामा फेल नहुने, विद्यार्थी साथै अभिभावकहरु खुशी हुने, शिक्षामा गरिएको लगानी खेर

नजाने, विद्यार्थीहरुमा अर्न्तनिहित प्रतिभाको प्रस्फुटन हुने, परीक्षाको अनुभूति नहुने डर, त्रासबाट भयरहित हुने रहेका छन ।

- उदार कक्षोन्नतिका दुर्बल पक्षहरुमा विद्यार्थीहरुको पढाइमा ध्यान नजाने, शिक्षाको गुणस्तरमा ह्रास आउने, विद्यार्थीको भविष्य अन्योलमा पर्न सक्ने सम्भावना रहने, गुणात्मक शिक्षा प्राप्त नहुने रहेका छन् ।
- यसका सबल र दुर्बल पक्षहरुको जानकारी शिक्षकहरुमा भएपनि शिक्षकहरु पनि उदार कक्षोन्नति गर्नुपर्ने पक्षमा नरहेको पाइयो ।
- उदार कक्षोन्नति कार्यान्वयनमा ल्याउदाका समस्याहरुमा वर्षभरि नै निरन्तर विद्यार्थी मूल्यांकन गरिरहनु पर्ने हुदा झन्झट हुने, शिक्षकहरुमा तालिमको अभाव भएको कारण कार्यान्वयनमा समस्या रहने, विद्यार्थीहरुले पढाइप्रति ध्यान नदिने गरेको पाइयो ।
- समस्या समाधानका उपायहरुमा विद्यार्थीहरुलाई निरन्तर विद्यार्थी मूल्यांकन बारे जानकारी गराइनुपर्ने, शिक्षकहरुलाई शैक्षिक सत्रको सुरुमा अभिमुखीकरण तालिम दिइनुपर्ने, अभिभावकहरुलाई यसबारे चेतना जगाउनु पर्ने जस्ता समस्याहरु रहेको पाइयो ।

**५.२ निष्कर्ष**

झापा जिल्ला लखनपुर गा.वि.स. अर्न्तगत रहेका दुईवटा विद्यालयहरु श्री पिङ्गडाँडा प्रा.वि. र श्री सिंहदेवी प्रा.वि.मा “आधारभूत तहमा उदार कक्षोन्नति कार्यान्वयनको अवस्था” शीर्षकमा गरिएको अध्ययनमा केही वर्ष यता देखि दुवै विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्यांकनका साथै उदार कक्षोन्नतिलाई कार्यान्वयनमा ल्याएको छ । यसलाई सफल रुपमा कार्यान्वयनमा ल्याउन विद्यालय ,प्र.अ., शिक्षकहरु कुनै एक पक्ष मात्र सक्रिय भएर नपुग्ने देखिन्छ । विद्यालयका प्र.अ., शिक्षकहरुले निरन्तर विद्यार्थी मूल्यांकन प्रति मिश्रित प्रतिक्रिया व्यक्त गर्नुभयो ।

कुनैपनि कार्यक्रम, नीति, कार्यान्वयनमा ल्याउनु भन्दा अगाडी त्यसलाई कसरी प्रभावकारी र उपलब्धिमुलक बनाउन सकिन्छ भन्ने पक्षमा पूर्व अध्ययन गरी त्यससंग सम्बन्धित पक्षहरुलाई सक्षम बनाउन आवश्यक हुन्छ । तर अध्ययन गरिएका विद्यालयहरुमा तालिम अप्राप्त शिक्षक शिक्षिकाहरु बढि भएको र तालिम प्राप्त शिक्षकहरुको अवधि पनि कम भएकाले निरन्तर विद्यार्थी मूल्यांकनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिएको देखियो । यसमा प्र.अ.ले सम्बन्धित निकाय समक्ष आफ्नो विद्यालय, शिक्षकहरुको समस्या राखेपनि कुनै सुनुवाइ नभएको देखिन्छ ।

निरन्तर विद्यार्थी मूल्यांकनका साथै उदार कक्षोन्नतिका धेरै सबल पक्षहरु रहदा रहदै पनि यसबाट विद्यार्थीमा प्रतिस्पर्धात्पक भावनामा कमी आउने, विद्यार्थीहरुमा पढाइप्रति ध्यान नजाने, अभिभावकहरुले पनि विद्यार्थीहरुलाई ध्यान नदिने जस्ता समस्याहरु रहेको देखियो । विद्यालयमा विद्यार्थीहरुलाई उत्प्रेरणा स्वरुप दिवा खाजाको व्यवस्था, पुरस्कारको व्यवस्था, विभिन्न सिर्जनात्मक कार्यहरु सञ्चालन गर्ने गरेको पाइयो । दुवै विद्यालयहरुमा विद्यार्थीहरुको चाप न्युन भएको कारण

शिक्षकहरुले नियमित रुपमा निरन्तर मूल्यांकन गरी विद्यार्थीका सबै व्यवहारहरुको अध्ययन गरी दैनिक रेकर्ड राख्न सकिने भएपनि त्यसो नगरिएको देखिन्छ ।

कमजोर विद्यार्थीहरुलाई छुट्टै सिकाइको व्यवस्था नगरी सबै विद्यार्थीहरुलाई संगै राखी पठनपाठन क्रियाकलाप सञ्चालन गरेको पाइयो । पाठ्यक्रमले तोकेको पाठगत निरन्तर विद्यार्थी मूल्यांकनका मापदण्ड अनुरुप नै मूल्यांकन गरी श्रेणी विभाजन गर्ने गरेको पाइयो । उदार कक्षोन्नति मूल्यांकन सम्बन्धि शिक्षकहरुलाई तालिम नदिइनु, विद्यालयको आर्थिक पक्ष कमजोर हुनु, शिक्षक, अभिभावक तथा विद्यार्थीमा यो मूल्यांकन सम्बन्धि जानकारी कम हुनु, मूल्यांकनका लागि श्रोतकेन्द्र, जि.शि.का.बाट उचित निर्देशन, परामर्श निरिक्षण नहुनु, शिक्षकहरुमा यो मूल्यांकन पद्धति लागू गर्ने दक्षताको कमी हुनु जस्ता समस्याहरु रहेका छन ।

उल्लेखित समस्याहरुलाई समाधान गर्न राज्यले स्पष्ट नीति तय गरेर त्यस सम्बन्धि तालिम दिइनुपर्ने, विद्यार्थीहरुलाई नियमित मूल्यांकन बारे जानकारी दिनुपर्ने, अभिभावकहरुलाई जानकारी गराउनु पर्ने, समय समयमा स्रोतव्यक्ति, वि.नि., प्र.अ.बाट निरीक्षण र अनुगमन गरी पृष्पोषण दिइनुपर्ने, शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरुलाई सक्रिय गराउन बालकेन्द्रित विधिहरुको प्रयोग गरी समस्याहरुलाई समाधान गर्न सकिने देखिन्छ ।

### ५.३ सुझावहरु

आधारभूत तहमा उदार कक्षोन्नति कार्यान्वयनको अवस्था बारेमा गरिएको अध्ययनबाट प्राप्त जानकारीको आधारमा निम्न सुझावहरु प्रस्तुत गरिएको छ :-

- उदार कक्षोन्नतिलाई कार्यान्वयन गर्न चारवटा पक्षहरु जस्तै निरन्तर मूल्याङ्कन, निरन्तर पृष्ठपोषण, आवधिक परिक्षा र सुधारात्मक शिक्षण आवश्यक पर्ने हुनाले उदार कक्षोनति सम्वन्धि नीतिमा निरन्तर पृष्ठपोषण, आवधिक परीक्षा र सुधारात्मक शिक्षण जस्ता थप पक्षहरु समावेश गर्न आवश्यक छ भन्ने सुझाव दिन सकिन्छ ।
- बालकेन्द्रित शिक्षण विधिहरुको प्रयोग गरी शिक्षण कार्य गर्नुपर्ने ।
- विद्यालयमा बालमैत्री वातावरणको निर्माण गराइ विद्यार्थीहरुमा सहयोगी भावनाको विकास गराइ सिकाइलाई रमाइलो बनाउनुपर्ने ।
- विद्यार्थी र अभिभावकहरुलाई निरन्तर विद्यार्थी मूल्यांकन बारे जानकारी दिनुपर्ने ।
- शिक्षकहरुमा उदार कक्षोन्नति कार्यान्वयन प्रक्रियाको बारे पूर्ण ज्ञान नभएकाले शिक्षकहरुको दक्षता वृद्धि गर्न तालिम, गोष्ठी, सेमिनार जस्ता कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने ।
- पाठ्यक्रम विकास केन्द्रले निरन्तर विद्यार्थी मूल्यांकनमा आधारित कक्षोन्नति कार्यान्वयनका लागि शिक्षकहरुलाई आवश्यक पर्ने सामग्री, सहयोगी पुस्तिकाहरु, सन्दर्भ सामग्री निर्माण गरी स्थानीय तहसम्म पुर्‍याउनु पर्ने ।
- सबै शिक्षकहरुले दैनिक रुपमा विद्यार्थीका क्रियाकलापहरुको विवरण राख्नुपर्ने ।

- अभिलेख फारम, पाठगत निरन्तर विद्यार्थी मूल्यांकन फारम, विद्यार्थी प्रगति विवरण फारम, कार्यसञ्चयिका सम्बन्धि नमूना निर्माण गरी सबै विद्यालयमा पुर्‍याइनुका साथै भर्ने तरिका बारे शिक्षकहरुलाई तालिम दिनुपर्ने ।
- जि.शि.का. स्रोतकेन्द्र तथा विद्यालय प्रशासनबाट नियमित अनुगमन मूल्यांकन नभएकाले नियमित निरीक्षण अनुगमन गरी पुरस्कार र दण्डको व्यवस्था गरिनु पर्ने ।
- विद्यार्थीहरुलाईदण्ड नदिइ प्रोत्साहनको माध्यमबाट सिकाइनुपर्ने, विद्यार्थीका कमजोरीहरुलाई पहिचान गरी निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै अभिभावकहरुलाई जानकारी गराउनुपर्ने ।

## सर्न्दभसूची


अधिकारी , विष्णुप्रसाद (२०६७) , *माध्यमिक शिक्षण दिग्दर्शन* , काठमाण्डौं : आशिष बुक्स प्रा.लि. ।

अधिकारी ,विष्णुप्रसाद (२०६७) , *प्राविधिक सहायक* , काठमाण्डौं : आशिष बुक्स हाउस ।

काफ्ले , भोजराज (२०६४) , *शिक्षाको सैद्धान्तिक पक्ष ,* काठमाण्डौं : प्रज्ञा प्रकाशन ।

के.सी . ,मेघबहादुर ,निरौला ,यादवचन्द्र ,पौडेल , हरिभक्त र बस्नेत , कुमार (२०६८ २०६९) , *शिक्षक अध्यापन अनुमति पत्र परीक्षा दिग्दर्शन* , काठमाण्डौं : मकालु प्रकाशन गृह ।

खनाल , पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति* ,काठमाण्डौं : सनलाइट पब्लिकेशन ।

ज.ब.रा. , स्वयं प्रकाश ; श्रेष्ठ , चन्द्रबहादुर र रञ्जितकार, किरणराम (२०६७) , *शिक्षामा मापन तथा मूल्यांकन* , काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०६३) , *राष्ट्रिय पाठ्यक्रम प्रारुप* , भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६५) , *प्राथमिक शिक्षा पाठ्यक्रम* , भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६८), *निरन्तर विद्यार्थी मूल्यांकन कार्यान्वियन पुस्तिका* , भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६८) , *समाहित शिक्षा सूचना सामग्री ,* भक्तपुर : लेखक ।

शिक्षा मन्त्रालय (२०६६) , *विद्यालय क्षेत्र सुधार योजना* (२०६६ - ०७२) ,काठमाण्डौं : लेखक ।

शिक्षा मन्त्रालय (२०६३) , *सबैका लागि शिक्षा* (२००४-२००९) मुख्य दस्तावेज , काठमाण्डौं : लेखक ।

शिक्षा मन्त्रालय (२०६७) , *शैक्षिक स्मारिका* , काठमाण्डौं : लेखक ।

श्रेष्ठ , चन्द्रबहादुर र रञ्जितकार , किरणराम (२०५९) ,*पाठ्यक्रम र मूल्यांकन* , काठमाण्डौं : भुँडीपुराण प्रकाशन ।

वि.क. , रुपा (२०६८) , *प्राथमिक तहमा उदार कक्षोन्नति नीति कार्यान्वियनको अवस्था तथा शैक्षिक उपलब्धि* , शोध प्रतिवेदन , त्रिभुवन विश्वविद्यालय , पाठ्यक्रम तथा मूल्यांकन विभाग ।

भट्ट ,टिकेन्द्र (२०६५) , *प्राथमिक तहमा निरन्तर मूल्यांकन प्रणाली र उदार कक्षोन्नति व्यवस्थाको कार्यान्वियनको स्थिति* , शोधपत्र , त्रिभुवन विश्वविद्यालय , पाठ्यक्रम तथा मूल्यांकन विभाग ।

Department of Education (2008-2009) , *School level Educational Statistics of Nepal* , Bhaktapur , Ministry of Education.

## अनुसूची १

## प्र.अ.का लागि अर्न्तवार्ता

विद्यालयको नाम :- मितिः-

प्र.अ.को नाम :- शिक्षण अनुभव वर्ष :-

शैक्षिक योग्यता :- विशिष्टिकरण गरीएको विषय :-

१) तपाइको विद्यालयमा आधारभूत तहको लागि कुन प्रक्रिया अपनाउनु हुन्छ ?

..........................................................................................................

२) यस विद्यालयमा निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली कति कक्षा सम्म संञ्चालन गरिएको छ ?

..........................................................................................................

३) विद्यालयमा निरन्तर मूल्यांकन प्रणाली लागू भएको कति वर्ष भयो ?

..........................................................................................................

४) निरन्तर मूल्यांकन गर्ने आधारहरु के के रहेका छन ?

..........................................................................................................

..........................................................................................................

५) तपाइको विचारमा उदार कक्षोन्नति गर्नुलाई कस्तो मान्नु हुन्छ ?

..........................................................................................................

६) किन ?

..........................................................................................................

७) उदार कक्षोन्नति र निरन्तर विद्यार्थी मूल्यांकनसँग सम्बन्धित तालिममा शिक्षकहरुलाई सहभागी गराउनु भएको छ ?

..........................................................................................................

८) उदार कक्षोन्नतिको वर्तमान पद्धतिबाट विद्यार्थीको उपलब्धिमा कस्तो प्रभाव परेको छ ?

..........................................................................................................

९) उदार कक्षोन्नति गराउने प्रक्रियाहरु के के रहेका छन ?

..........................................................................................................

१०) यसका सबल र दुर्बल पक्षहरु के के हुन सक्दछन ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

११) उदार कक्षोन्नतिबाट कुनै समस्याहरु देखा परेका छ ? छन भने ति के के होलान ? ति समस्याहरुलाई कसरी समाधान गर्न सकिएला ?

.......................................................................................................................

.......................................................................................................................

१२) उदार कक्षोन्नतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन के के गर्नु पर्दछ ?

.......................................................................................................................

.....................................................................................................................

१३) उदार कक्षोन्नति गर्दा शिक्षकले महशुस गरेका कठिनाइहरु के कस्ता पाउनु भएको छ

.......................................................................................................................

.....................................................................................................................

१४) उदार कक्षोन्नति र निरन्तर विद्यार्थी मूल्यांकन गराउदाको तपाइको अनुभव र आइपरेका कठिनाइहरु के कस्ता पाउनु भएको छ ?

.......................................................................................................................

.......................................................................................................................

## अनुसूची २

## अभिभावकको लागि अन्तर्वार्ता

अभिभावकको नाम :

ठेगाना :

१) तपाइलाई तपाइको बालबच्चाको मूल्यांकन कसरी गरिएको छ थाहा छ ?

..........................................................................................................................

२) तपाइको बच्चालाई नियमित गृहकार्य दिएको हुन्छ ? नियमित जाँच गरिएको हुन्छ ? यस बारेमा बताइ दिनु हुन्छ कि ?

..........................................................................................................................

..........................................................................................................................

३) परीक्षाको परिणाम नतिजामा तपाइहरुलाई जानकारी गराउछन कि गराउदैनन ?

..........................................................................................................................

..........................................................................................................................

४) विद्यालयले बिच बिचमा आफ्ना बालबालिकाहरुको प्रगति कमजोरीको बारेमा जानकारी गराउदछ कि गराउदैन ?

..........................................................................................................................

..........................................................................................................................

५) अहिले विद्यालयमा परीक्षा नलिइ अथवा वार्षिक परीक्षामा अनुतीर्ण विद्यार्थीहरुलाई पनि कक्षा उतीर्ण गराइन्छ यस बारे तपाइलाई जानकारी छ ? यसको बारेमा तपाइको के बिचार छ ?

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

## अनुसूची ३

## शिक्षकहरुका लागि प्रश्नावली

विद्यालयको नाम :- मितिः-

शिक्षकको नाम :- शिक्षण अनुभव वर्ष :-

शैक्षिक योग्यता :- विशिष्टिकरण गरीएको विषय :-

१) तपाईको विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्न हुन्छ ?

.......................................................................................................................

२) निरन्तर विद्यार्थी मूल्याङ्नका मापदण्डहरु के-के छन् ?

.......................................................................................................................

.......................................................................................................................

३) कार्यसञ्चयिकाको प्रयोग गर्नुहुन्छ ?

.......................................................................................................................

४) कक्षा चढाउँदा उदार कक्षोन्नति गर्नु कस्तो मान्नु हुन्छ ?

.......................................................................................................................

५) किन ?

.......................................................................................................................

.......................................................................................................................

६) कार्य सञ्चयिका कसरी प्रयोगमा ल्याउनु हुन्छ ?

.......................................................................................................................

.......................................................................................................................

७) उदार कक्षोन्नति हुनु भन्दा पहीले र अहिलेमा विद्यार्थीहरुको भर्नादर कस्तो छ ?

.......................................................................................................................

८) विद्यार्थीहरुको उपस्थिति कस्तो छ ?

.......................................................................................................................

.......................................................................................................................

९) तपाईले निरन्तर विद्यार्थी मूल्याङ्कन सँग सम्बन्धित तालिम लिनुभएको छ ?

.......................................................................................................................

१०) छ भने कति महिना  र यो तालिम कसले संचालन गरेको थियो ?

.......................................................................................................................

.......................................................................................................................

११) विद्यार्थीहरुलाई नियमित गृहकार्य ,पृष्ठपोषण दिनुहुन्छ ?

.......................................................................................................................

.......................................................................................................................

१२) परीक्षामा अनुतिर्ण हुने विद्यार्थीहरुलाई के को आधारमा कक्षा चढाउनु हुन्छ ?

.......................................................................................................................

.......................................................................................................................

१३) परीक्षा कति पटक हुन्छ ? , कति कति पूर्णाङ्कको हुन्छ ?, उदार कक्षोन्नति गर्दा उपलब्धि स्तरमा कस्तो असर पर्ला ?

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

१४) उदार कक्षोन्नति गर्दा कुन प्रक्रिया अपनाउनु उचित हुन्छ ?

.......................................................................................................................

.......................................................................................................................

१५) उदार कक्षोन्नति प्रति अभिभावक वा अन्य समाजका व्यक्तिहरुको धारणा कस्तो रहेको पाउनु भएको छ ?

क) सकारात्मक ख) नकारात्मक ग) ठिकै

१६) पाठ्यक्रमले उदार कक्षोन्नति सम्बन्धि के कस्ता नीति नियम र विधिहरुको बारेमा उल्लेख गरेको पाउनु भएको छ ?

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

१७) विद्यार्थीले अपेक्षित सिकाई उपलब्धि हासिल गर्न नसक्दा के के सुधारका उपायहरु ऋपनाउनु हुन्छ ?

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

८) उदार कक्षोन्नतिका सबल पक्षहरु के के होलान् ?

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

१९) उदार कक्षोन्नति अपनाउँदाका दुर्बल पक्षहरु के के होलान् ?

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

२०) उदार कक्षोन्नति कार्यान्वयनमा ल्याउँदाका समस्याहरु के के रहेका छन् ?

.........................................................................................................................

.......................................................................................................................

२१)यी समस्याहरुलाई कसरी समाधान गर्न सकियला ?

...................................................................................................................

.........................................................................................................................

................................................................................................................

## अनुसूची ४

## विद्यार्थीहरुका लागि लक्षित समूह छलफल निर्देशिका

१) शिक्षकहरुले कसरी शिक्षण सिकाइ क्रियाकलाप गराउनु हुन्छ ?

..........................................................................................................

२) नियमित गृहकार्य दिनुहुन्छ ? कक्षाकार्य जाँच गर्नुहुन्छ ? राम्रोसंग कक्षाकार्य गर्न असमर्थ साथीहरुलाई शिक्षक शिक्षिकाले कस्तो व्यवहार गर्नुहुन्छ ?

..........................................................................................................................

.......................................................................................................................

३) नियमित रुपमा गृहकार्य ,जाँच र पृष्ठपोषण

.......................................................................................................................

४) नियमित विद्यालयमा उपस्थिति

..........................................................................................................................

५) सिर्जनात्मक कार्य अतिरिक्त क्रियाकलाप यसमा सहभागिता

.................................................................................................................................

६) दण्ड र पुरस्कारको व्यवस्था

.................................................................................................................................

७) बालमैत्री वातावरण

............................................................................................................................

## अनुसूची ५

## छनोट गरिएका प्रधानाध्यापकहरुको नामावली

| क.सं. | प्रधानाध्यापकको नाम | शैक्षिक योग्यता | शिक्षण अनुभव वर्ष | विद्यालयको नाम |
|---|---|---|---|---|
| १ | चन्द्रबहादुर धिमाल | एस्.एल.सी. | २३ | श्री पिङ्गडाँडा प्रा.वि. |
| २ | सुरेन्द्र कुमार राई | एस्.एल.सी. | २७ | श्री सिंहदेवी प्रा.वि. |

## अनुसूची ६

## छनोट गरिएका शिक्षकहरुको नामावली

| क.सं. | शिक्षकहरुको नाम | शैक्षिक योग्यता | शिक्षण अनुभव वर्ष | विद्यालयको नाम |
|---|---|---|---|---|
| १ | शुक्रबहादुर राई | एस्.एल्.सी. | २१ वर्ष | श्री पिङ्गडाँडा प्रा.वि. |
| २ | देवीमाया अधिकारी | बी.एड. | १९ वर्ष | श्री पिङ्गडाँडा प्रा.वि. |
| ३ | बन्दना लिम्बु | आइ.ए. | १७ वर्ष | श्री पिङ्गडाँडा प्रा.वि. |
| ४ | जयप्रसाद संग्रौला | आइ.ए. | २३ वर्ष | श्री पिङ्गडाँडा प्रा.वि. |
| ५ | लक्ष्मी प्रसाद घिमिरे | एस्.एल्.सी. | ३७ वर्ष | श्री सिंहदेवी प्रा.वि. |
| ६ | खुमनाथ निरौला | एस्.एल्.सी. | २६ वर्ष | श्री सिंहदेवी प्रा.वि. |
| ७ | इन्दिरा खनाल | आइ.ए. | २१ वर्ष | श्री सिंहदेवी प्रा. वि. |
| ८ | पुष्पराज दाहाल | आइ.ए. | ३५ वर्ष | श्री सिंहदेवी प्रा.वि |

**अनुसूची ७**

**लक्षित समूह छलफलमा सहभागी विद्यार्थीहरुको नामावली**

| क.सं. | विद्यार्थीको नाम | कक्षा | विद्यालयको नाम |
|---|---|---|---|
| १ | रेना राई | ३ | श्री पिङ्गडाँडा प्रा.वि. |
| २ | ममता राई | ३ | श्री पिङ्गडाँडा प्रा.वि. |
| ३ | सलिना धिमाल | ३ | श्री पिङ्गडाँडा प्रा.वि. |
| ४ | सुजन राई | ३ | श्री पिङ्गडाँडा प्रा.वि. |
| ५ | अमित तामाङ | ३ | श्री पिङ्गडाँडा प्रा.वि. |
| ६ | सुमन चौहान | ३ | श्री पिङ्गडाँडा प्रा.वि. |
| ७ | रिता भुजेल | ३ | श्री सिंहदेवी प्रा.वि. |
| ८ | ममता सोरेन | ३ | श्री सिंहदेवी प्रा.वि. |
| ९ | दिपा प्याकुरेल | ३ | श्री सिंहदेवी प्रा.वि. |
| १० | शितल विश्वकर्मा | ३ | श्री सिंहदेवी प्रा.वि. |
| ११ | सरोज रेग्मी | ३ | श्री सिंहदेवी प्रा.वि. |
| १२ | सुरज सोरेन | ३ | श्री सिंहदेवी प्रा.वि. |
| १३ | मनोज वि.क. | ३ | श्री सिंहदेवी प्रा.वि. |
| १४ | मनिष गुरुङ | ३ | श्री सिंहदेवी प्रा.वि. |
| १५ | सुजन विश्वकर्मा | ३ | श्री सिंहदेवी प्रा.वि. |
| १६ | भिम लिम्बु | ३ | श्री सिंहदेवी प्रा.वि. |

## अनुसूची ८

## छनोट गरिएका अभिभावकहरुको नामावली

| क.सं. | अभिभावकहरुको नाम | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| १ | रत्न बहादुर भुजेल | श्री सिंहदेवी प्रा.वि. | लखनपुर ६ |
| २ | किसन सोरेन सतार | श्री सिंहदेवी प्रा.वि. | लखनपुर ६ |
| ३ | शान्तिराम प्याकुरेल | श्री सिंहदेवी प्रा.वि. | लखनपुर ६ |
| ४ | बल बहादुर वि.क. | श्री सिंहदेवी प्रा.वि. | लखनपुर ६ |
| ५ | कृष्ण वि.क. | श्री सिंहदेवी प्रा.वि. | लखनपुर ६ |
| ६ | मुना राई | श्री पिङ्गडाँडा प्रा.वि. | लखनपुर ५ |
| ७ | संजय चौहान | श्री पिङ्गडाँडा प्रा.वि. | लखनपुर ५ |
| ८ | समन राई | श्री पिङ्गडाँडा प्रा.वि. | लखनपुर ६ |
| ९ | खगेन्द्र धिमाल | श्री पिङ्गडाँडा प्रा.वि. | लखनपुर ५ |
| १० | श्याम राई | श्री पिङ्गडाँडा प्रा.वि. | लखनपुर ५ |

## अनुसूची ९
## विद्यार्थीको औसत उपस्थिति दिन

| विद्यालय | वैशाख (विद्यालय खुलेको दिन-१९) | | | जेठ (विद्यालय खुलेको दिन-२४) | | |
|---|---|---|---|---|---|---|
| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| श्री पिङ्गडाँडा प्रा.वि. | १२ (६३.१५) | १४ (७३.६८) | १४ (७३.६८) | १५ (६२.५०) | १५ (६२.५०) | १७ (७०.८३) |
| श्री सिंहदेवी प्रा.वि. | १० (५२.६३) | ११ (५७.८९) | १३ (६८.४२) | १३ (५४.१६) | १३ (५४.१६) | १६ (६६.६६) |